


# पञ्चवर्षीय रणनीतिक कार्ययोजना

(साउन २०८०-असार २०८५)


## राष्ट्रिय कृषक समूह महासङ्घ, नेपाल

राष्ट्रिय सचिवालय

इमेल : nfgfnepal@gmail.com, वेबसाइट : nfgf.org.np

सम्पर्क नं. : ०१-४१०५०१८, ०१-४१०५०७९

'सशक्त, समृद्ध, सम्मानित किसान : सबल महासङ्घ'

# पञ्चवर्षीय रणनीतिक कार्ययोजना

(साउन २०८० - असार २०८५)


**राष्ट्रिय कृषक समूह महासङ्घ, नेपाल**

**राष्ट्रिय सचिवालय**

इमेल : nfgfnepal@gmail.com, वेबसाइट : nfgf.org.np

सम्पर्क नं. : ०१-४१०५०१८, ०१-४१०५०७९

**प्रकाशक** : राष्ट्रिय कृषक समूह महासङ्घ, नेपाल
**संयोजन** : केदार कोइराला/वेद लामिछाने
**सम्पादन** : रघुनाथ लामिछाने
**प्रकाशन मिति** : २०८१ वैशाख
**संस्करण** : पहिलो
**छापिएको प्रति** :
**डिजाइन** : भक्तबहादुर कार्की
**मुद्रण** : ...............

# हाम्रो भन्नु

राष्ट्रिय कृषक समूह महासङ्घ, नेपाल स्थानीय स्तरमा क्रियाशील कृषक समूह, पशु सेवा समूह र कृषि सहकारीहरूको छाता सङ्गठन हो । २०६८ सालमा स्थापना भएको यो संस्था किसान अधिकारका पक्षमा पैरवी गर्दै समग्र कृषि क्षेत्रको विकासका खातिर लागिपरेको छ । स्थापनाको १३ वर्षको अन्तरालमा महासङ्घ किसान, सरोकारवाला र तहगत सरकारसँग समिपमा रही कृषि विकास र किसान अधिकारको पक्षमा हातेमालो गर्दै अघि बढिरहेको छ । यस क्रममा महासङ्घले नीति, कानुन तथा संरचना तर्जुमा गर्न वकालत एवं तिनको प्रभावकारी कार्यान्वयनका लागि विविध गतिविधि सञ्चालन गर्दै आइरहेको छ ।

एकातिर खाद्य तथा पोषण सुरक्षा, अधिकार, सम्प्रभुताका लागि सदस्य समूहको भूमि, प्राविधिक सेवा, पुँजी, मूल्य शृङ्खला र बजारमा पहुँच सुनिश्चित गर्नु छ । अर्कोतर्फ जीविकोपार्जन, जलवायु न्याय, उत्थानशील कृषिका नमुना विकास र विस्तार, नवीन सिर्जना, खाद्य तथा पोषण प्रणाली सबलीकरण, आर्थिक सशक्तीकरण, जोखिम न्यूनीकरण र सामना, नीतिगत पैरवी आदिका लागि साझेदार एवं सरोकारवालाहरूसँग संस्थागत सहकार्य सुदृढ गर्नु छ । त्यसैगरी किसान अधिकार स्थापनाका लागि महासङ्घको तहगत सङ्गठन विस्तार, संस्थागत क्षमता विकास र पैरवी नेतृत्व क्षमता अभिवृद्धि गर्दै समृद्ध र सशक्त किसान अभियानको अगुवाइ गर्ने अभिभारा पनि महासङ्घमाथि छ ।

यति मात्र हैन, उत्पादक किसानहरूलाई सङ्गठित गर्ने, उनीहरूको क्षमता अभिवृद्धि एवं सशक्तीकरण, संस्थागत सुशासन, प्रतिनिधित्व तथा पहिचान र सामाजिक सुरक्षासहितको किसानहरूको सम्मानित जीवन सुनिश्चित गर्नु पनि उत्तिकै आवश्यक छ । जसका लागि समन्वयमार्फत दिगो र पर्यावरण कृषिको माध्यमबाट उत्पादकत्व वृद्धिमा टेवा पुऱ्याउन किसान अभियानको अगुवाइ गर्नुपर्ने चुनौती पनि महासङ्घसामु छ । यी र यस्तै कार्यका लागि विभिन्न तहमा किसानहरूसँग छलफल गरी महासङ्घले विक्रम संवत् २०८० मा तेस्रो ५ वर्षे रणनीति तयार गरेको हो । जसले आफ्ना गतिविधि

व्यवस्थित र संस्थागततवरले अगाडि बढाउन मद्दत गरेको छ । रणनीतिक योजना जीवन्त दस्तावेज भएकाले २ वर्षपछि अर्थात २०८२ मा यसको मध्यवधि समीक्षा गरिनेछ । अनि समीक्षाबाट प्राप्त हुने सुझावका आधारमा अगाडिका गतिविधि निर्धारण गरिनेछ ।

यो रणनीतिक योजनाबाट संस्थाको सपना, लक्ष्य एवं उद्देश्य प्राप्तिका खातिर आवधिक कामलाई निश्चित विषयमा केन्द्रित भई नतिजामुखी बनाउन आधार दिनुका साथै गतिविधि सञ्चालन थप सहज हुने अपेक्षा गरिएको छ । कृषिको दिगो विकास र किसान अधिकार आन्दोलनका क्रममा लिइने रणनीतिबारे पनि यसले स्पष्ट गरेको छ । सँगै यसले समुदायदेखि तहगतरूपमा सञ्चालन गरिने कार्यक्रम तथा अभियानहरूको स्रोत तर्जुमा, अनुमान एवम् परिचालनका साथै साझेदार एवं सरोकारवालाहरूसँगको सहकार्यको आधार पनि तय गर्नेछ ।

अन्त्यमा, लिबर्ड, केएर नेपाल, भिएसओ नेपाल, एफएओ नेपाल, सिआरएस नेपाललगायत महासङ्घसँग सहकार्य गर्ने स्रोत साझेदार, अभियानका सहकर्मी सङ्घ/संस्था, महासङ्घका सल्लाहकार, तहगत संरचना एवं कार्यसमिति, सम्पूर्ण कर्मचारी र यो दस्तावेजलाई निश्चित आकार दिइ अभियानको कार्यदिशा थप स्पष्ट बनाउन योगदान गर्ने सम्पूर्ण महानुभावलाई हार्दिक धन्यवाद ज्ञापन गर्न चाहन्छु ।

**पञ्चकाजी श्रेष्ठ**
अध्यक्ष

# विषयसूची


१. परिचय १

२. महासङ्घका प्रयास र उपलब्धि २

३. परिवेश विश्लेषण ६

३.१ नीतिगत नयाँ व्यवस्था ६

३.२ सामाजिक अवस्था ७

३.३ ग्रामीण आर्थिक विकास ८

३.४ प्रविधि - नवीनता अभिवृद्धिको स्रोत ९

३.५ वातावरण - कृषि पर्यावरण र जलवायु परिवर्तन १०

३.६ कानुनी व्यवस्था र कृषि विकास १०

३.७ दिगो विकास लक्ष्य ११

४. संस्थागत विश्लेषण १३

५. रणनीतिक कार्यदिशा १६

६. परिवर्तनका सिद्धान्त (Theory of Change) १९

७. लक्षित समूह, सरोकारवाला र संस्थागत संरचना २०

७.१ लक्षित समूह २०

७.२ सरोकारवाला २०

७.३ संस्थागत संरचना २१

| | | |
|---|---|---|
| ८. | दूरदृष्टि, ध्येय, लक्ष्य, उद्देश्य | २२ |
| | ८.१ महासङ्घको दूरदृष्टि | २२ |
| | ८.२ महासङ्घको ध्येय | २२ |
| | ८.३ महासङ्घको लक्ष्य | २२ |
| | ८.४ महासङ्घको उद्देश्य | २३ |
| | ८.५ महासङ्घको मूल्य/मान्यता | द्दछ |
| ९. | रणनीतिक लक्ष्य, उद्देश्यहरू, कार्यगत क्षेत्र र आशातित उपलब्धिहरू | २६ |
| | ९.१ रणनीतिक लक्ष्यहरू | २६ |
| | ९.२ रणनीतिक लक्ष्य, उद्देश्य, कार्यगत क्षेत्र र आशातित उपलब्धिहरू | २६ |
| १०. | विषयगत क्षेत्र, क्रियाकलाप, सूचकहरू तथा अनुमानित बजेट | ३३ |
| ११. | अनुसूची | ३८ |
| | १०.१ Logframe of Strategic Plan | ३८ |
| | १०.२ रणनीतिक लक्ष्यहरू, रणनीतिक उद्देश्यहरू र कार्य सम्पादनका आधारहरू | ४१ |

# १. परिचय

राष्ट्रिय कृषक समूह महासङ्घ नेपाल २०६८ सालमा कृषक समूह, पशु सेवा समूह र कृषि सहकारीहरूको छाता सङ्गठनका रूपमा स्थापना गरिएको हो । १२ जिल्लाका जिल्ला महासङ्घ प्रतिनिधिहरूबाट बढ्दै बढ्दै हाल ६३ जिल्लाका ५५५० कृषक समूह, पशु सेवा समूह र कृषि सहकारीहरू यस महासङ्घमा आबद्ध छन् । राष्ट्रिय कृषक समूह महासङ्घ नेपाल एक गैरराजनीतिक, गैरनाफामूलक सामाजिक संस्था हो ।

सेवाप्रदायक निकायहरूमा किसान, विशेषतः भूमिहीन, सीमान्त, साना र मध्यम महिला कृषकहरूको पहुँच अभिवृद्धि गरी दिगो तथा आत्मनिर्भरमुखी उत्पादन वृद्धिबाट राष्ट्रिय उत्पादकत्वमा टेवा पुऱ्याउने लक्ष्य महासङ्घले राखेको छ । सार्वजनिक निकाय, निजी सङ्घ/संस्था, कृषक, कृषक समूह र कृषि सहकारीहरूको साझेदारितालाई सुदृढ बनाइ ग्रामीण जीविकोपार्जन तथा अर्थतन्त्र विकासमा योगदानमार्फत ग्रामीण गरिबी न्यूनीकरणका लागि महासङ्घ प्रयत्नरत छ । यस सन्दर्भमा महासङ्घले स्थापनाकालदेखि नै अधिकारमुखी अवधारणा अवलम्बन गर्दै आएको छ । जसअन्तर्गत किसान, विशेषतः भूमिहीन, सीमान्त, साना र मध्यम महिला कृषकहरूको हक अधिकार प्राप्तिका लागि समूह तथा कृषि सहकारीहरूको सङ्गठनात्मक र नेतृत्व विकास गर्दै गाउँ, वडा, पालिका, जिल्ला हुँदै प्रदेश र सङ्घीय सरकारको स्तरसम्म समन्वय गरी तीनै तहका सरकार र समूह तथा कृषि सहकारीहरूबीच सेतुका रूपमा बहस/पैरवी गर्दै अगाडि बढिरहेको छ ।

## २. महासङ्घका प्रयास र उपलब्धि

महासङ्घले नीति, नियम, निर्देशिका र रणनीतिक योजनाअनुरूप कार्यक्रमहरू सञ्चालन गर्दै आइरहेको छ । गत रणनीतिक योजना अवधिमा यस महासङ्घले गरेका प्रयास र मुख्य उपलब्धि यसप्रकार छन् :

**सङ्गठनात्मक विकास** : आर्थिक वर्ष २०६८/६९ मा १२ जिल्लाका किसान प्रतिनिधिहरूको भेलाले तदर्थ समिति गठन गरेको थियो । २०६९/७० मा ४ जिल्ला थप भई १६ जिल्लामा महासङ्घ विस्तार भयो । महासङ्घले आर्थिक वर्ष २०७०/७१ मा २५ जिल्लामा सङ्गठन विस्तार गरी ३,००० कृषक समूह, पशु सेवा समूह र कृषि सहकारीहरूलाई आबद्ध गरायो । यससँगै तिनमा सङ्गठित ६९,१२० सीमान्त, महिला, भूमिहीन र साना किसान महासङ्घमा आबद्ध भए । यसरी गत रणनीतिक योजनाको अवधिसम्ममा ६३ जिल्लाका ५,५५० कृषक समूह, पशु सेवा समूह र कृषि सहकारीहरूलाई महासङ्घको सदस्यता प्रदान गरियो । जसमा १,३७,५०० कृषक आबद्ध छन् । विस्तृत विवरण तालिका १ मा प्रस्तुत गरिएको छ ।

**तालिका १. राष्ट्रिय कृषक समूह महासङ्घ नेपालमा आबद्ध कृषक समूह, पशु सेवा समूह र कृषि सहकारी**

| आर्थिक वर्ष | २०६८/६९ | २०६९/७० | २०७०/७१ | २०७१/७२ | २०७२/७३ | २०७३/७४ | २०७४/७५ |
|---|---|---|---|---|---|---|---|
| कृषक सङ्ख्या | ३०० | ८७५० | २८७५० | ५१२५० | ७८,७५० | ८१२५० | ८३९५० |
| समूह तथा सहकारी सदस्य सङ्ख्या | १२ | ३५० | ११५० | २०५० | ३३१५० | ३,२५० | ३,३५७ |
| जिल्ला | १२ | १६ | २५ | ३८ | ४३ | ४८ | ५६ |

| आर्थिक वर्ष | २०७५/७६ | २०७६/७७ | २०७७/७८ | २०७८/७९ | २०७९/८० |
|---|---|---|---|---|---|
| कृषक सङ्ख्या | - | ९१३५० | १,१०,००० | १,२७,५०० | १,६९,५०० |
| समूह तथा सहकारी सदस्य सङ्ख्या | - | ३५०० | ४,४०० | ५,१०० | ५,६५० |
| जिल्ला | - | ५९ | ६३ | ६३ | ६६ |

राज्यको नयाँ संरचनाअनुसार वडा, पालिका, जिल्ला, प्रदेश र सङ्घमा महासङ्घको संरचना रहने गरी विधानमा व्यवस्था गरियो। सोहीअनुसार संरचना पुनर्गठन गर्ने कार्य भइरहेको छ। वार्षिकरूपमा सहभागितामूलक संस्थागत क्षमता र पैरवी क्षमता विश्लेषण गरी सुधारका योजना निर्माण र कार्यान्वयन गर्दै आएको छ। वार्षिक सामाजिक लेखाजोखालाई नियमित अभ्यासका रूपमा अङ्गाली सञ्चालित गतिविधि, प्राप्त परिणाम र लक्षित समूहमा परेको प्रभावसहित आय/व्यय हिसाबको पारदर्शितालाई सार्वजनिक गर्ने गरेको छ। यस प्रक्रियामा सहभागी कृषि क्षेत्रमा कार्यरत कर्मचारी, विशेषज्ञ, अभियन्ता तथा सदस्य कृषकहरूबाट प्राप्त सुझावहरूलाई महासङ्घले मार्गदर्शकका रूपमा लिइ कार्ययोजनामा समाहित गर्दै आएको छ। सम्पूर्ण सदस्य समूह र सहकारीहरूको नियमित बैठक, हितकोष सङ्कलन तथा परिचालन, समूह नवीकरण र कृषक हकहित तथा सरकारी सेवा/सुविधा सम्बन्धमा नियमित छलफल गरिन्छ। यस्तो अभ्यास उत्साहजनक देखिँदै आएको छ।

**बहस, वकालत र पैरवी** : स्थापनादेखि हालसम्म यस महासङ्घले ४ दर्जन भन्दा धेरै सवालमा अनवरतरूपमा पैरवी गर्दै आइरहेको छ। संविधान निर्माण, तीनै तहको ऐन/कानुन, नीति, नियमावली, निर्देशिका र रणनीतिक योजना निर्माण तथा परिमार्जनका साथै कार्यक्रम विकास तथा कार्यान्वयनका विभिन्न चरणमा छलफल, बहस, वकालत र पैरवीमा सहकार्य गरिरहेको छ। महासङ्घद्वारा उठान गरिएका केही मुख्य सवाल र मुद्दा यसप्रकार छन् :

किसान आयोग गठन, नीतिगत तहमा महासङ्घको तहगत प्रतिनिधित्व, विषयगत समितिहरूमा महासङ्घको तहगत प्रतिनिधित्व, स्थानीय तहमा कृषिको बजेट वृद्धि र प्रत्येक गाविसमा एक प्राविधिकको व्यवस्था, भूमिहीन, सीमान्त र साना महिला

कृषकमैत्री कृषि विकास रणनीति निर्माण, कृषकको पहिचान, वर्गीकरण, परिचयपत्र र सामाजिक सुरक्षा (पेन्सन), किसानको स्वास्थ्य बिमाको व्यवस्था, सङ्घीय संरचना र परिवेशअनुसार साना किसानमैत्री बनाउन २० वर्षे रणनीति महासङ्घले अघि सारेका केही मुख्य सवाल हुन् ।

यसबाहेक करार खेती (भूमिहीन, सीमान्त र साना, महिला तथा पुरुष कृषकहरूले जग्गा भाडामा लिन सक्ने नीतिगत व्यवस्था), कृषि र पशु बिमाको व्यवस्था तथा प्रभावकारी कार्यान्वयन, साना कृषकहरूको कृषि ऋणमा सुलभ ब्याज दर र सहज उपलब्धता, कृषिमैत्री भूउपयोग नीति निर्माण, दिगो कृषिका लागि प्राङ्गारिक कृषि प्रवर्धन, न्यूनतम् समर्थन मूल्य निर्धारण र कार्यान्वयन, निजी तथा सहकारी संस्थाहरूलाई शीत भण्डार, प्रशोधन, कृषि उद्योग स्थापना तथा सञ्चालन गर्नका लागि बिशेष सहुलियत ऋणको व्यवस्था, कृषि कार्यक्रमहरू प्रभावकारी कार्यान्वयनका लागि महासङ्घसमेतको सहभागितामा स्थानीय तहदेखी सङ्घीय तहसम्म अनुगमन समिति र कार्यक्रम अनुगमन गर्ने व्यवस्था पनि महासङ्घले जोडदाररूपमा उठाउँदै आएका थप सवाल हुन् ।

महासङ्घले किसान हितका लागि उठाउँदै आएका सवाल यतिमा सीमित छैन । एकीकृत कृषि ऐन निर्माण, प्राथमिक तहदेखि कृषि शिक्षा पाठ्क्रम, एक वडा एक कृषि र पशु प्राविधिकको व्यवस्था, संविधानमा किसानको सवाल, स्थानीय सरकार सञ्चालन ऐनमा किसानको सवाल, कृषि उत्पादनका साधनमा भन्दा कृषि उत्पादनमा अनुदानको व्यवस्था, राजनीतिक दलको घोषणापत्रमा किसानका सवाल, कृषि सिँचाइको शुल्कमा सरलीकण, रैथाने बिउ र स्थानीय मौलिक कृषि प्रणालीको संरक्षण, किसानको भोट कसलाई ? अभियान, स्थानीय तहमा बिउ बैङ्क र खाद्य भकारीको व्यवस्था, पारिवारिक खेती प्रणालीको प्रवर्द्धन एवं प्राङ्गारिक खेतीमार्फत दिगो तथा आत्मनिर्भरमुखी कृषि, कृषक समूह, पशु सेवा समूहलाई स्थायी लेखा नम्बर (प्यान) लिने व्यवस्थाको खारेजी जस्ता सवाल पनि महासङ्घले प्राथमिकतासाथ उठाउँदै आएको छ ।

कृषि मूल्य शृङ्खलामा उत्पादक किसानको प्रत्यक्ष संलग्नता, खेतीयोग्य जमिनमा पर्याप्त सिँचाइको व्यवस्था, कृषि वन कार्यक्रम सञ्चालन : एक गाउँ एक नर्सरी स्थापना, स्थानीय रैथाने गुणस्तरीय बिउको व्यवस्था र प्रयोग, साना कृषकमैत्री जलवायु अनुकूलन खेती प्रणाली, स्थानीय तह स्तरीय कृषि र खाद्य सुरक्षा योजना निर्माण, स्थानीय तहमा जाने कृषि बजेट ससर्त हुनुपर्ने, समूह परिचालन तथा हितकोष व्यवस्थापन निर्देशिका

निर्माण, बाँदरले कृषि बालीमा पुऱ्याएको क्षतिपूर्ति, कृषिमा वैदेशिक लगानी रोक्का, खाद्य अधिकार, खाद्य सुरक्षा, खाद्य संप्रभुता ऐन र नियमावली, स्थानीय कृषि बजार व्यवस्थापन/सरकारी खरिद बजार, कृषि उपजको निकासी सहजरूपमा अन्तर्राष्ट्रिय बजारमा प्रवेश, भूउपयोग नीति निर्माण र कार्यान्वयन, बहुक्षेत्रीय पोषण योजनाले परिकल्पना गरेबमोजिमका स्थानीय संरचनाहरू गठन र कार्यशीलता, उत्पादनमा आधारित खाद्य सुरक्षा, खाद्य प्रणालीको स्थानीयकरण, दिगो विकास लक्ष्य एवम् उद्देश्यको स्थानीयकरण, जलवायु परिवर्तन न्यूनीकरण तथा अनुकूलन कानुन निर्माण र कार्यान्वयन आदिमा पनि महासङ्घ जोडदाररूपले सक्रिय छ। यसका अलावा स्थानीय, प्रदेश र राष्ट्रिय तहमा सवालमा आधारित बहसलाई निरन्तरता दिने काम पनि जारी छ। यस्ता कार्यलाई सफल तुल्याउन विभिन्न सरोकारवाला सङ्घ/संस्था र नागरिक समाजसँग संयुक्त पैरवी र सहकार्य जारी राखिएको छ।

**सिकाइ**

- सवालकेन्द्रित अभियन्ताहरूको व्यवस्था मिलाउन सकेमा वकालत र पैरवीले सार्थकता पाउने रहेछ।
- अर्थपूर्ण अभियानहरूको लिपिबद्धता र प्रकाशनहरू कृषक स्तरमा पुऱ्याउन सकेमा मात्र महासङ्घप्रतिको हेराइ र बुझाइमा तीव्रता ल्याउन सकिने रहेछ।
- महासङ्घको देशव्यापी संरचना र कृषकहरूको समूह तथा कृषि सहकारीहरू परिचालनले नीतिगत तहमा प्रभाव पार्नुका साथै कार्यान्वयनका लागि दबाब सिर्जना गर्न सहजता हुँदोरहेछ।
- कृषि नमुना विकाससहितको तथ्यमा आधारित पैरवीमार्फत सवाल सहजीकरण र परिणाम चाँडो ल्याउन र विस्तारका लागि सहज हुने रहेछ।
- तहगत सरकारसँगको सहकार्यमा स्रोत साझेदारीसहित सञ्चालन गरिने अभ्यासले सरोकारवालाबीच समान बुझाइ स्थापित गर्नका साथै नीतिगत सुनिश्चितता सहज हुने रहेछ।
- उत्पादक किसानको हातमा जमिन नहुँदा उत्पादनमा ह्रास आइरहेको सन्दर्भमा उत्पादक किसानलाई जमिन उपलब्ध गराउन सकेमा बाँझो जमिन उपयोग हुनुका साथै उत्पादकत्व बढाउन सहयोगी हुँदोरहेछ।

# ३. परिवेश विश्लेषण

## ३.१ नीतिगत नयाँ व्यवस्था

नेपालको संविधानले कृषि प्रसारको व्यवस्थापन, सञ्चालन र नियन्त्रणको दायित्व र जिम्मेवारी स्थानीय तह र सरकारलाई प्रदान गरी विकेन्द्रीकरण गरेको छ । यसका साथै कृषि तथा पशु पालन, कृषि उत्पादन व्यवस्थापन, पशु स्वास्थ्यलगायत सहकारी संस्थाको दायित्व र जिम्मेवारी स्थानीय तहगत सरकारलाई प्रदान गरेको छ । विकेन्द्रीकरणको सिद्धान्तअनुरूप प्रशासनिक, राजनीतिक र वित्तीय विकेन्द्रीकरणको व्यवस्थापन गर्न अपरिहार्य छ ।

यसैगरी नेपालको संविधानको भाग-४ (ङ) मा कृषि र भूमिसम्बन्धी नीतिअन्तर्गत कृषकको हक हित संरक्षण र संवर्धन गर्दै कृषिको उत्पादन र उत्पादकत्व बढाउन भूमिको व्यवस्थापन र कृषिको व्यवसायीकरण, औद्योगिकीकरण, विविधीकरण र आधुनिकीकरण गर्ने उल्लेख छ । एवम् प्रकारले कृषकका लागि कृषि सामग्री, कृषि उपजको उचित मूल्य र बजारमा पहुँचको व्यवस्था गर्ने भनिएको छ । यी विषयबस्तु 'राष्ट्रिय कृषि नीति २०६१' ले समेत उठान गरिसकेको छ । सिप भएका सीमान्तकृत, महिला, भूमिहीन, सीमान्त एवं साना कृषकहरूको भूमिमा पहुँच, खेती भूमिका लागि करार वा कबुलियतसम्बन्धी कानुनी व्यवस्था मिलाउने र कृषि श्रमिक, सीमान्तकृत, भूमिहीन, सीमान्त र साना कृषकहरूलाई लक्षित समूहमा वर्गीकरण गरी विशेष सुविधा प्रदान गर्ने नीति अवलम्बन गर्नेबारे यस नीतिले बर्णन गरेको छ । यी विषयलाई आवधिक योजनाहरूले समेत उल्लेख गरेका छन् ।

त्यस्तै २० वर्षे कृषि विकास रणनीति (२०१५-२०३५) राज्यको नयाँ संरचनाअनुरूप यथाशीघ्र व्यवस्थित गर्न जरुरी छ । स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ११ उपदफा २ को (ण) कृषक समूह, पशु सेवा समूह, कृषि सहकारी र कृषिसम्बन्धी स्थानीय

सङ्घ/संस्थाहरूको समन्वय, व्यवस्थापन र नियमनको अधिकार स्थानीय तहलाई दिइएको छ। खाद्य अधिकार, खाद्य सुरक्षा, खाद्य संप्रभुता ऐन २०७५ मा किसान अधिकार, सेवा सुविधा र सामाजिक सुरक्षाका साथै किसान वर्गीकरणको व्यवस्था सुनिश्चित गरिएको छ। महासङ्घसँगको सहकार्यमा ५० भन्दा बढी स्थानीय तहमा कृषि ऐन निर्माण र कार्यान्वयन भएका छन्। उक्त ऐनअन्तर्गत गठित समितिहरूमा महासङ्घको संस्थागत प्रतिनिधित्व छ। यसबाट महासङ्घ कृषक समूहहरूको आधिकारिक छाता सङ्गठनका रूपमा स्थापित भएको पुष्टि हुन्छ।

यी महत्त्वपूर्ण विषयगत क्षेत्रहरूमा यस महासङ्घले नियमिततवरबाट आवाज उठाइरहेको छ। आगामी दिनमा कृषकहरूको नीतिगत स्तरमा क्षमता अभिवृद्धि, बहस र पैरवीमा सक्रिय सहभागिता र स्थानीय, प्रादेशिक र सङ्घीय सरकारहरूसँग हातेमालोलाई निरन्तरता दिन आवश्यक छ।

## ३.२ सामाजिक अवस्था

परम्परा, संस्कृति र जीवनशैलीको संरक्षण, संवर्धन र विकासमा कृषि क्षेत्रको भूमिका अहं छ। देशको ६२ प्रतिशत नागरिक कृषि पेसामा संलग्न छन्। राष्ट्रिय कृषि गणना २०७८ अनुसार कृषक परिवार सङ्ख्या ४१ लाख ३० हजार ८ सय छ। राष्ट्रिय कृषि गणना २०६८ को तुलनामा १० वर्षमा ३ लाख कृषक परिवार सङ्ख्या बढेको देखिन्छ जसमा भूमिहीन, सीमान्त, साना र मध्यम कृषकहरूको सङ्ख्या ३ लाख ९१ हजार भन्दा धेरै वृद्धि भएको देखिन्छ। त्यस्तै ठूला र अति ठूला कृषकहरूको सङ्ख्या भने झण्डै ३१ हजारले घटेको देखिन्छ। राष्ट्रिय कृषि गणना २०६८ अनुसार भूस्वामित्व र वितरणको अवस्था हेर्दा भूमिहीन कृषक, ९.३ प्रतिशत, सीमान्त कृषक १२.१ प्रतिशत, साना कृषक ३०.५ प्रतिशत र मध्यम कृषक ४३.४ प्रतिशत रहेका देखिन्छ।

किसानहरू विशेषतः भूमिहीन, सीमान्त, साना र मध्यम कृषक परिवारहरूको कृषि कर्मबाट आम्दानी बढ्न नसक्नु र महँगी थेग्न नसक्नुका कारण यी कृषक परिवारबाट युवा रोजगारीका लागि बाहिरिने क्रम निरन्तर बढिरहेको छ। फलस्वरूप, कृषि क्षेत्रको जिम्मेवारी महिला कृषकहरूमा दिनानुदिन बढिरहेको छ। महिला कृषकले कृषि श्रमिकको ७०.५ प्रतिशत ओगटेका छन् भने पुरुष कृषकको हिस्सा ३९.५

प्रतिशत मात्र छ । महिला कृषकले ६०.५ प्रतिशतभन्दा धेरै कृषि अर्थतन्त्रमा योगदान पुऱ्याएका छन् ।

राष्ट्रिय जनगणना २०६८ अनुसार कुल जनसङ्ख्याको करिव ३४ प्रतिशत १५ देखि ३४ वर्ष उमेरका युवायुवतीले ओगटेका देखिन्छ । कृषिलाई रोजगारमूलक, उद्यमशील र मर्यादित पेसा बनाउन नसक्दा कृषिबाट युवा पलायन रोक्न सकिने देखिँदैन । युवा पलायनको दीर्घकालीन असर आश्रित जनसमुदायमा पर्नेछ । तसर्थ सीमान्त, भूमिहीन, साना किसान वर्गको विशेष आवश्यकतालाई राष्ट्रिय सरोकारमा पार्नु राज्यको जिम्मेवारी हो ।

## ३.३ ग्रामीण आर्थिक विकास

परम्परा, संस्कृति र जीवनशैलीको संरक्षण, सम्वर्धन र विकासमा कृषि क्षेत्रको भूमिका अहं छ । देशको ६२ प्रतिशत परिवार कृषि पेसामा संलग्न छन् । राष्ट्रिय कृषि गणना २०७८ अनुसार कृषक परिवार सङ्ख्या ४१ लाख ३० हजार ७ सय ८९ छ । राष्ट्रिय कृषि गणना २०६८ को तुलनामा सो १० वर्षमा २ लाख ९९ हजार ६ सय ९६ कृषक परिवार सङ्ख्या बढेका देखिन्छ, । नेपालका अधिकांश कृषक परिवारले आफ्नै हकभोगको जग्गमा कृषि पेसा गरेका पाइन्छ । कृषि गणना २०७८ अनुसार ३३ लाग ७२ हजार अर्थात ८२ प्रतिशत कृषक परिवारले आफ्नै मात्र हकभोगको जग्गामा खेतीपाती गरेका पाइएको छ । यो सङ्ख्या २०६८ को कृषि गणना भन्दा १ लाख ३० हजारले बढी हो । ६ लाख ८९ हजार (१७ प्रतिशत) परिवारले आफ्नो परिवारको हकभोगको र अरूको जग्गामा समेत खेतीपाती गरेका छन् जुन २०६८ को तथ्याङ्क भन्दा १ लाख ४८ हजारले बढी हो । अरूको जग्गामा मात्र खेतीपाती गर्ने किसानको सङ्ख्या ५९ हजार अर्थात १ प्रतिशत छ । यो २०६८ को गणना भन्दा २४ हजारले बढी हो । यसैगरी पछिल्लो कृषि गणनाअनुसार अन्य प्रकारको जग्गा मात्र उपभोग गर्ने कृषक परिवारको सङ्ख्या १० हजार (०.२ प्रतिशतं) छ ।

किसानहरू विशेषतः भूमिहीन, सीमान्त, साना र मध्यम कृषक परिवारहरूलाई कृषि कर्मबाट खानै नपुग्ने अवस्था छ । त्यसैले यी परिवारका युवा रोजगारीका विदेशिने क्रम जारी छ । फलस्वरूप कृषि क्षेत्रको जिम्मेवारी महिला कृषकहरूको काँधमा सर्ने क्रम

दिनानुदिन बढिरहेको छ । कृषि गणना २०६८ अनुसार मुख्य कृषकमा ८१ प्रतिशत पुरुष र १९ प्रतिशत महिला थिए भने कृषि गणना २०७८ अनुसार मुख्य कृषकमा पुरुषको हिस्सा घटेर ६७.६ प्रतिशत र महिलाको हिस्सा बढेर ३२.४ प्रतिशत हुन पुगेको देखिन्छ। २०७८ को गणनाबाट प्राप्त नतिजाले ४५ प्रतिशत कृषक परिवारले मात्र आफ्नो कृषि कार्यबाट भएको आम्दानीले खान पुग्ने बताएका छन् भने २०६८ को गणनामा यो सङ्ख्या ४० प्रतिशत थियो । राष्ट्रिय जनगणना २०७८ अनुसार कुल जनसङ्ख्याको करिब ३५.५ प्रतिशत जनसङ्ख्या १५ देखि ३४ वर्ष उमेरका युवायुवतीले ओगटेका देखिन्छ। त्यसैले यो वर्गको सरोकारलाई प्राथमिकता दिनैपर्ने देखिन्छ ।

## ३.४ प्रविधि – नवीनता अभिवृद्धिको स्रोत

विश्व जगत्मा वैज्ञानिक प्रविधि तथा सूचना प्रवाहको प्रगतिले तीव्रता लिइरहेको छ र सो क्रम कृषि क्षेत्रमा समेत छ । नेपाल कृषि अनुसन्धान परिषद्को २० वर्षे अवधारणाले 'देशमा ठूलो सङ्ख्यामा विद्यमान कृषिजन्य पदार्थको प्रशोधनकर्ता, कृषि व्यापारी, वितरक र कृषि उद्यमीहरूका लागि चाहिने खास प्रविधितर्फ नेपाल सरकारले ध्यान पुऱ्याइरहेको छैन' भन्ने उल्लेख गरेको छ । यसबाट कृषि क्षेत्रले प्रविधिको खासै उपयोग गर्न नसकेको पुष्टि हुन्छ ।

नेपाली किसान विशेषतः भूमिहीन, सीमान्त र साना महिला कृषकहरूको प्रविधि र सेवा/सुविधामा सहज पहुँच बन्न सकिरहेको छैन् । कृषिको सकारात्मक रूपान्तरणका लागि कृषकहरूको उत्थानशील एवम् उन्नत बिउविजन, उत्पादनका साधन एवम् पशुपक्षीका उन्नत नश्लहरू, सुधारिएको गोठ/खोरको डिजाइन तथा निर्माण, आहार तथा स्वास्थ्यसम्बन्धी उपयुक्त सामग्री तथा साधनहरूको उपलब्धता, ऋय सुविधा र ऋय क्षमतामा राज्यले टेवा प्रदान गर्न अत्यावश्यक छ। उपयुक्त सिप तथा प्रविधिको प्रयोगले मात्रै स्रोतसाधनको कौशलपूर्वक उपयोग र लगानीको प्रभावकारिता बढाइ आजको प्रतिस्पर्धात्मक बजारमा लाभ हासिल गर्न सकिन्छ। परम्परागत ज्ञान, सिप र बिउबिजनको संरक्षण, सम्वर्धन र सन्ततिलाई हस्तान्तरण गर्ने जिम्मेवारी ऐतिहासिक कालदेखि नै महिला कृषकहरूले निर्वाह गर्दै आइरहेका तथ्य सर्वविदितै छ। तसर्थ महिला कृषकमैत्री कृषि प्रविधिहरूको विकास र उपलब्धता आजको संवेदनशील आवश्यकता हो ।

यो परिवेशमा भूगोल र आवश्यकतामा आधारित प्रविधिहरूको उचित उपयोगका लागि सूचना प्रवाह, क्षमता विकास, किसानको वर्गीकरण र वर्गीकरणमा आधारित कृषि प्रसार सेवा उपलब्ध गराउनु आवश्यक छ । यसका लागि तीनै तहका सरकारले समन्वय गर्दै यथाशीघ्र सम्बोधन गर्नुपर्ने आवश्यकता छ ।

## ३.५ वातावरण – कृषि पर्यावरण र जलवायु परिवर्तन

जलवायु परिवर्तनले पर्वतीय र टापु मुलुकहरूलाई बढी प्रभावित गरिरहेको तथ्य संसार जगत्मा प्रमाणित भइसकेको छ । जर्मनवाच (२०१७) अनुसार जलवायु परिवर्तनको प्रभावमा नेपाल चौथो जोखिमयुक्त मुलुकमा सूचीकृत भएको छ । कृषक, वैज्ञानिक र विशेषज्ञहरूले जलवायु परिवर्तनको असर/प्रभाव कृषि जगत्मा प्रशस्त रहेको बताइरहेका छन् । यी असर/प्रभाव केही सकारात्मक रहे तापनि अधिकांश नकारात्मक सावित भएका छन् । यसको बढी असर भूमिहीन, सीमान्त र साना, महिला तथा पुरुष कृषकहरूलाई पर्ने गरेको छ । कृषि पर्यावरण, कृषि जैविक विविधता ह्रास र पानीको प्राप्यता कृषकहरूका लागि चर्को चिन्ताको विषय बनेको छ । हाल वन, भूसंरक्षण तथा वातावरण मन्त्रालयले जलवायु परिवर्तनसम्बन्धी राष्ट्रिय कार्ययोजना र स्थानीय कार्ययोजनालाई राज्यको नयाँ संरचनाअनुसार परिमार्जनका साथै नीतिगत व्यवस्थामा समेटेको जानकारी सार्वजनिक गरेको छ । हरेक वर्ष आयोजना हुने अन्तर्राष्ट्रिय जलवायु सम्मेलन (कोप) मार्फत नेपालमा भएका प्रयास, उपलब्धि र कार्ययोजनाबारेको छलफलमा नेपाल पनि संलग्न हुँदै आएको छ ।

## ३.६ कानुनी व्यवस्था र कृषि विकास

सिन्डिकेट, कार्टेल, भन्सारमा कृषि उपज आयातमा कम दर रेटमा चलानी, कमजोर क्वारेन्टाइन आदिले देशभित्रको उपजको राम्रो मूल्य कृषकहरूले प्राप्त गर्न सकिरहेका छैनन् । सरकारले विद्यमान कानुनको प्रभावकारी कार्यान्वयन गर्नुका साथै नयाँ कानुनहरू बनाइ सीमान्तकृत, महिला, भूमिहीन, सीमान्त र साना कृषक र कृषि उद्यमीहरूले लगानी र बजार क्षेत्रबाट लाभ लिन सक्ने वातावरण सिर्जना गर्न अपरिहार्य भइसकेको छ ।

## ३.७ दिगो विकास लक्ष्य

दिगो विकास लक्ष्यले सन् २०३० सम्ममा सबै प्रकारका गरिबी उन्मूलन गरी मानव, पृथ्वी र समृद्धिका लागि एक समान, न्यायपूर्ण र सुरक्षित विश्व निर्माण गर्ने परिकल्पना गरेको छ। दिगो विकासका १७ लक्ष्य र १६९ सहायक लक्ष्य छन्। जसमध्ये यस महासङ्घले तपसिलमा उल्लिखित दिगो विकास लक्ष्यहरूलाई आत्मसात गर्नेछ :

लक्ष्य १ : गरिबी अन्त्य - सबै ठाउँबाट सबै प्रकारका गरिबी अन्त्य गर्ने ।

लक्ष्य २ : भोकमरी अन्त्य - भोकमरी अन्त्य गर्ने, खाद्य सुरक्षा तथा उन्नत पोषण सुनिश्चित गर्ने र दिगो कृषि प्रवर्धन गर्ने ।

लक्ष्य ३ : राम्रो स्वास्थ्य - सबै उमेरका व्यक्तिको स्वस्थ जीवन सुनिश्चित गर्नुका साथै उनीहरूको हित प्रवर्द्धन गर्ने ।

लक्ष्य ४ : गुणस्तरीय शिक्षा - सबैका लागि समावेशी तथा गुणस्तरीय शिक्षा सुनिश्चित र आजीवन सिकाइ प्रवर्द्धन गर्ने ।

लक्ष्य ५ : लैङ्गिक समानता - लैङ्गिक समानता हासिल गर्ने र सबै महिला, किशोरी र बालबालिकालाई सशक्त बनाउने ।

लक्ष्य ६ : स्वच्छ पिउने पानी र सरसफाइ - सबैका लागि पानी र सरसफाइको उपलब्धता र दिगो व्यवस्थापनको सुनिश्चितता ।

लक्ष्य ७ : दिगो ऊर्जा व्यवस्थापन - पहुँचयोग्य, विश्वसनीय, दिगो एवं आधुनिक ऊर्जामा सबैको पहुँच सुनिश्चित गर्ने ।

लक्ष्य ८ : मर्यादित काम र आर्थिक वृद्धि - भरपर्दो, समावेशी र दिगो आर्थिक वृद्धि तथा सबैका लागि पूर्ण र उत्पादनमूलक रोजगारी र मर्यादित काम प्रवर्धन गर्ने ।

लक्ष्य ९ : औद्योगिकीकरण नवीनीकरण र पूर्वाधार - प्रतिरोधी क्षमतापूर्ण पूर्वाधार निर्माण गर्ने, नवीनीकरणलाई प्रोत्साहन गर्ने ।

लक्ष्य १० : असमानता कम गर्ने - देशभित्र र देशहरूबीचको असमानता घटाउने ।

लक्ष्य ११ : दिगो शहर र बस्तीहरू - शहर तथा मानव बस्तीहरूलाई समावेशी, सुरक्षित, प्रतिरोधी र दिगो बनाउने ।

लक्ष्य १२ : दिगो उपभोग तथा उत्पादन - दिगो उपभोग तथा उत्पादन प्रणाली सुनिश्चित गर्ने ।

लक्ष्य १३ : जलवायुमा पहल - जलवायु परिवर्तन र यसको प्रभाव नियन्त्रण गर्न तत्काल पहल थाल्ने ।

लक्ष्य १५ : जमिनमाथिको जीवन - स्थलीय पर्यावरणको संरक्षण, पुनर्स्थापना र दिगो उपयोगको प्रवर्धन गर्ने, वनको दिगो व्यवस्थापन गर्ने, मरुभूमीकरण र भूक्षय रोक्ने तथा जैविक विविधताको संरक्षण गर्ने ।

लक्ष्य १६ : शान्ति, न्याय र सवल संस्थाहरू - दिगो विकासका लागि न्यायपूर्ण, शान्तिपूर्ण र समावेशी समाजहरू प्रवर्द्धन गर्ने, सबैका लागि न्यायमा पहुँच उपलब्ध गराउने, सबै तहमा प्रभावकारी, जवाफदेही र समावेशी संस्थाहरू निर्माण गर्ने ।

# ४. संस्थागत विश्लेषण

राष्ट्रिय कृषक समूह महासङ्घ नेपालको संस्थागत विश्लेषण गर्दा निम्नानुसार सबल पक्ष, सुधार गर्नुपर्ने पक्ष, अवसर र चुनौती रहेका देखिन्छ :

| दृष्य | आङ्कलन |
|---|---|
| महासङ्घ सीमान्तकृत, महिला, भूमिहीन, सीमान्त र साना किसानहरूको छाता सङ्गठनका रूपमा विकसित र विस्तारितका साथै स्वीकार्यसमेत हुँदै गइरहेको । | सबल पक्ष / अवसर |
| महासङ्घको गैरराजनीतिक चरित्रसहित पहिचान वृद्धि हुँदै जानु । | सबल पक्ष / चुनौती |
| उद्देश्य, सवाल र प्रकृति मिल्ने संस्था, सरोकारवाला, सञ्जाल र सङ्घहरूसँग समन्वय र सहकार्य बढ्दै जानु । | सबल पक्ष / अवसर |
| तल्लो तहमा रहेका कृषक समूह, पशु सेवा समूह र कृषि सहकारी महासङ्घका सदस्य रहनु, जसमा विशेषत भूमिहीन, सीमान्त र साना, महिला कृषकहरू आबद्ध छन् । | सबल पक्ष / अवसर |
| वडा, पालिका, जिल्ला हुँदै सङ्घीय स्तरसम्म महासङ्घको संस्थागत संरचना स्थापित हुँदै जानु । | सबल पक्ष / अवसर |
| समग्र किसानहरू विशेषतः सीमान्तकृत, महिला, भूमिहीन, सीमान्त र साना किसानहरूको सवालकेन्द्रित अभियानहरूलाई अझै सशक्त बनाउनुपर्ने । | सुधार पक्ष / अवसर |

| दृष्य | आङ्कलन |
| --- | --- |
| कृषि विकासका नीतिगत र सवालकेन्द्रित अभियानहरूलाई अझै सशक्त बनाउनुपर्ने । | सुधार पक्ष / अवसर |
| महासङ्घका अभियन्ताहरूको पेसागत र सामाजिक क्षमता विकास अझै सुदृढ बनाउनुपर्ने साथै महासङ्घका तहगत संरचनाको क्षमता विकास गर्नुपर्ने । | सुधार पक्ष / अवसर |
| महासङ्घको सबै स्तरको संरचनामा यसको नीति, नियम र भूमिकामा समान बुझाइ स्थापित गर्नुपर्ने । | सुधार पक्ष / चुनौती |
| महासङ्घका ऐतिहासिक पृष्ठभूमि र योगदान दस्तावेज, पैरवी सवालका प्रक्रियाहरू एवम् अभिलेखहरू व्यवस्थित, दृश्यात्मक र प्रभावकारी बनाउनुपर्ने । | सुधार पक्ष / चुनौती |
| महासङ्घका सबै स्तरका संरचना, कार्यसमितिहरूको ज्ञान, सिप, क्षमता र गतिशीलताका लागि सहयोग आदान/प्रदान गर्नुपर्ने । | सुधार पक्ष / अवसर |
| गाउँदेखि सङ्घीय स्तरसम्म पैरवी र जनवकालत । | अवसर |
| विभिन्न निकाय र तहगत समितिहरूमा प्रतिनिधित्वका लागि आवश्यक पैरवी गर्ने । | अवसर |
| विभिन्न संस्था, सञ्जाल र सङ्घहरूसँग साझेदारिता, सहकार्य एवम् नागरिक अनुगमनको भूमिका अभिवृद्धि गर्ने । | अवसर |
| महासङ्घको तहगत संरचनालाई नीतिगत बोधसहितको संरचनागत जिम्मेवारी निर्वाह गर्ने/गराउने । | चुनौती / अवसर |
| दर्ता भएका कृषि समूह र पशु सेवा समूहहरूलाई निकायका रूपमा कानुनी मान्यता स्थापित गर्ने । | चुनौती / अवसर |

| **दृष्य** | **आङ्कलन** |
|---|---|
| कृषक अभियानहरू दूषित बन्न नदिने । | चुनौती |
| कृषिसँग सम्बन्धित कानुनहरूले निर्दिष्ट गरेका संरचनाहरूमा महासङ्घको प्रतिनिधित्व, सहभागिता र सहकार्य सुनिश्चित गराउने । | चुनौती / अवसर |
| महासङ्घको विद्यमान गैरराजनीतिक चरित्र कायम गरिरहने । | चुनौती |
| समूह तहमा रहेका कोषको व्यवस्थितीकरण र कृषि रूपान्तरणका लागि परिचालन । | अवसर |
| स्रोतको विविधीकरण र अभियानको दिगोपना । | चुनौती / अवसर |
| कृषि लघु उद्यम, उद्यमशीलता र दिगो रूपान्तरण । | अवसर |
| गैरराजनीतिक र साझा संस्थाको चिनारीसहित आफ्नो विशेषता र सर्वस्वीकार्यताको सदुपयोग गर्ने । | अवसर |

## ५. रणनीतिक कार्यदिशा

महासङ्घले तपसिलमा उल्लिखित रणनीतिक सवालहरू पहिचान गरेको छ :

**क. नीतिगत सवाल**

- किसानको पहिचान, वर्गीकरणसहित परिचयपत्र वितरण र सोको आधारमा सामाजिक सुरक्षाको सुनिश्चितता
- तहगत सरकारको साना किसानमैत्री कृषि ऐन र आवश्यक नीति, नियम, कानुन निर्माण, परिमार्जन र प्रभावकारी कार्यन्वयन
- राष्ट्रिय, अन्तर्राष्ट्रिय विद्यमान नीति, कानुन, प्रतिबद्धता, घोषणा कार्यान्वयनको अवस्था विश्लेषण, स्थानीयकरण गरी कार्यान्वयनका लागि दबाब
- कृषि तथा पशुपक्षी मन्त्रालयअन्तर्गतका संरचनाहरूको विकेन्द्रीकरण र स्थानीय तहमा कृषि जनशक्ति
- सर्वमान्य लागतको गणना गरी मुनाफा सुनिश्चिततासहितको समर्थन मूल्य निर्धारण र कार्यान्वयन
- भूमिहीन, सीमान्तकृत, महिला र साना कृषकहरूलाई लक्षित गरी सुलभ र सहजरूपमा कृषिमा वित्तीय स्रोत परिचालन
- कृषि बिमाको सरलीकरण र स्थानीयकरण
- खाद्य अधिकार, खाद्य संप्रभुताको व्यावहारिक अभ्यास र स्थानीयकरण
- कृषि जैविक विविधताको संरक्षण, कृषि वनको प्रवर्द्धन

- रैथाने ज्ञान, सिप, बिउ संरक्षण र प्रवर्द्धन
- समूह खेती, उत्पादनको चक्लाबन्दी, बाँझो जमिनको उपयोग
- जलवायु न्यायमा आधारित उत्थानशील कृषि
- खाद्य प्रणालीको स्थानीयकरण
- उत्पादनमा आधारित खाद्य सुरक्षा र पोषण
- मानवीय सहायताका क्षेत्र (पूर्वतयारी, प्रतिकार्य र पुनर्लाभ)
- वातावरणीय सवाल (वन्य जन्तु महामारी, क्षति, रोग, स्वच्छ उत्पादन)
- कृषक पाठशाला, परम्परागत अभ्यास र खुला सिकाइ केन्द्र
- कृषि शिक्षा र पाठ्यक्रम

**ख. उपलब्धताको सवाल**

- स्वच्छ र स्वस्थ उत्पादनसहितको कृषि प्रणालीमार्फत दिगो तथा आत्मनिर्भरमुखी कृषि प्रवर्धन
- कृषिमा युवाहरूको आकर्षण र हरित उद्यमशीलता
- उत्पादनमा आधारित खाद्य प्रणाली, खाद्य सुरक्षा, खाद्य अधिकार र खाद्य संप्रभुताको सुनिश्चितता
- आवश्यकतामा आधारित उत्पादनका साधन, उत्पादनमा सहजीकरण, मूल्य शृङ्खला र बजारीकरणको सुनिश्चितता

**ग. पहुँचको सवाल**

- सेवा प्रदायकको सेवा सुविधामा पहुँच स्थापना
- समूह खेती, चक्लाबन्दी उत्पादन, कृषि वन व्यवस्थापन प्रणालीको नीतिगत व्यवस्था र कार्यान्वयन
- स्वच्छ उत्पादनको पहिचानसहित दिगो कृषि प्रवर्धन गर्न मूल्य शृङ्खलाका साझेदारहरूसँग सम्बन्ध र सहकार्य
- पशु तथा बाली बिमाको प्रभावकारी कार्यान्वयन
- नेपाल सरकारद्वारा सञ्चालित कृषिसँग सम्बन्धित आयोजनाहरूमा सीमान्तकृत, महिला, भूमिहीन, सीमान्त र साना कृषकहरूको संलग्नता
- पर्यावरणीय कृषि एवं जलवायु उत्थानशील खेती प्रणालीको प्रवर्धन
- भूमिहीन, सीमान्तकृत, महिला र साना कृषकहरूलाई लक्षित गरी सुलभ र सहजरूपमा कृषि वित्त परिचालन

**घ. महासङ्घको तहगत संरचनाको संस्थागत क्षमता विकास**

- महासङ्घको तहगत संरचनाको संस्थागत एवं नेतृत्व क्षमता विकास
- संरचनागत तहमा नीति विश्लेषण, अडान तयारी एवं पैरवी गर्ने ज्ञान सिप विकास
- सरोकारवालाहरू तथा सेवा प्रदायकहरूसँग समन्वय, सहकार्य र साझेदारिता

# ६. परिवर्तनका सिद्धान्त (Theory of Change)

## लक्षित समूह, सरोकारवाला र संस्थागत संरचना

**परिवर्तनको अभिव्यक्ति**

यदि राष्ट्रिय कृषक समूह महासङ्घ नेपाल सदस्य समूहहरूको तहगत साङ्गठनिक विकास, संस्थागत क्षमतासहित, नीतिगत तहमा अगुवाइका लागि प्रयासरत रहेमा सीमान्त, महिला, भूमिहीन र साना किसानको योगदानको मूल्याङ्कनसहितको दिगो खेती प्रणाली अभ्यास र जीविकोपार्जनमा सुधार ल्याइ नेपालको ग्रामीण आर्थिक विकासमा योगदान पुऱ्याउन सक्नेछ ।

**मूलभूत तत्त्व/सवाल**

- सदस्य समूहहरूको साङ्गठनिक, नेतृत्व र संस्थागत क्षमता विकास
- तहगत संरचनाका समितिमा प्रतिनिधित्व र सवालको अगुवाइ
- नीतिगत बहस, पैरवी र पहुँच
- कृषि क्षेत्रको स्थानीयकरण

**निकट उपलब्धिहरू**

- सवालको अगुवाइ गर्न सक्ने सक्षम तहगत संरचनाहरू
- सम्बन्धित समितिहरूमा महासङ्घको तहगत संरचनाको प्रतिनिधित्व
- साना किसानमैत्री कानुन निर्माण र कार्यान्वयन
- कृषि क्षेत्र (संरचना, रणनीति, नीतिहरू, योजना, प्रणाली) को स्थानीय परिवेशअनुसारको अभ्यास
- भूमिहीन, महिला, सीमान्त र साना किसानहरूको मानवीय, सामाजिक र आर्थिक क्षमता विकास
- महासङ्घको सदस्य समूहहरूको तहगत साङ्गठनिक एवं नेतृत्व विकास

**प्रभाव**

- सदस्य समूहहरूको भूमि, प्राविधिक सेवा, पुँजी र बजारमा पहुँचको सुनिश्चितता
- स्रोत साझेदारहरूसँग सदस्य समूहहरूका तथा महासङ्घको संस्थागत सहकार्य र साझेदारी सुदृढ
- महासङ्घको तहगत संरचनाहरूको संस्थागत क्षमता, नेतृत्वको गतिशीलता

**परिवेश**

- भूमिहीन, महिला, सीमान्त र साना किसानहरू सङ्गठित हुन बाँकी छ । उनीहरू सेवा सुविधाको पहुँचदेखि टाढा छन् ।
- युवा वर्गमा खेती किसानीप्रति आकर्षण छैन । कृषिमा महिलाकरण बढ्दो छ ।
- कृषि क्षेत्रको विकन्द्रीकरण भएको छैन । खेत र गोठमा प्राविधिक सेवा टेवा पुगेन ।
- भूमिहीन, महिला, सीमान्त र साना किसानहरूको प्राविधिक ज्ञान, उद्यमशीलता सिप र क्षमताको सीमितता ।
- कृषि क्षेत्रमा वित्तीय लगानी न्यून, कृषि नीति साना किसानमैत्री भएन ।
- कृषि क्षेत्रमा (संरचना, रणनीति, नीतिहरू, योजना, प्रणाली) को स्थानीयकरणको अभ्यास भएन ।
- जीविकोपार्जनका लागि अत्यावश्यक भूमि, कृषिजन्य उत्पादनका साधन, बजार, कृषि खाद्य शृङ्खलामा साना किसानको पहुँच छैन ।
- रैथाने कृषि पद्धति लोपोन्मुख भई आयातित कृषि प्रणालीको विकाससँगै साना किसान ठूलो मारमा ।
- कृषि कर्ममा संलग्न ७० प्रतिशतभन्दा बढी किसान राज्यबाट सही पहिचान नपाउँदा र अभिलेख नहुदा कृषि विकासको मूलधारबाट बहिष्कृत ।

**अनुमानहरू**

- कृषि सम्बद्ध सरकारी कार्यालय, सेवा टेवाको स्थानीयकरण
- भूमिहीन, महिला, सीमान्त र साना किसानहरूमैत्री ऐन कानुन, नीति नियम, कार्यक्रम र बजेटको उपलब्धता
- कृषिमा युवा आकर्षण र हरित रोजगारी सिर्जनाका लागि अनुकूल वातावरण
- तगहत संरचनाका सम्बन्धित समितिहरूमा (भूमिहीन, महिला, सीमान्त र साना किसानहरू) महासङ्घको प्रतिनिधित्व
- किसानको वर्गीकरणमा आधारित सेव/ सुविधा र सामाजिक सुरक्षा
- महासङ्घको सदस्य समूहहरू, तहगत संरचनाहरूसँग स्रोत साझेदारहरूको समन्वय, सहकार्य र साझेदारिताका लागि तत्परता र साझेदारिता वृद्धि
- महासङ्घको तहगत संरचनाहरूको साङ्गठनिक संस्थागत क्षमता, नेतृत्वको गतिशीलता

# ७. लक्षित समूह, सरोकारवाला र संस्थागत संरचना


## ७.१ लक्षित समूह

सदस्य समूहहरूको नीतिगत तहसम्म उनीहरूको सक्रिय सहभागिता र नेतृत्व सुनिश्चित गर्ने कार्यमा यो महासङ्घ सङ्घर्षरत छ । यस महासङ्घको लक्षित समूह निम्नानुसार छ :

- **प्राथमिक** : कृषक समूह, पशु सेवा समूह र कृषि सहकारीहरूमा आबद्ध विशेषतः सीमान्तकृत, महिला, भूमिहीन, सीमान्त र साना किसानहरू
- **अन्य प्रभाव समूह** : कृषक समूह, पशु सेवा समूह र कृषि सहकारीहरूमा आबद्ध किसान


## ७.२ सरोकारवाला

राष्ट्रिय कृषक समूह महासङ्घले सरोकारवालाहरूको विश्लेषण गरी तल उल्लिखित सरोकारवालाहरूसँग विगतको रणनीतिक योजनाको समयदेखि नै हातेमालो र सहकार्य गर्दै आइरहेको छ । सरोकारवालाहरूको विश्लेषणको खाका अनुसूची १०.२ मा प्रस्तुत छ ।



## ७.३ संस्थागत संरचना

राज्यको नयाँ संरचनाअनुसार वडा, पालिका, जिल्ला, प्रदेश र सङ्घमा महासङ्घको संरचना रहने गरी विधानमा व्यवस्था गरी निम्नानुसार विकेन्द्रीकृत संरचना पुनर्गठन गरिएको छ :



# ८. दूरदृष्टि, ध्येय, लक्ष्य, उद्देश्य

## ८.१ महासङ्घको दूरदृष्टि

'सशक्त, समृद्ध, सम्मानित किसान : सबल महासङ्घ'

## ८.२ महासङ्घको ध्येय

- किसान विशेषतः सीमान्तकृत, महिला, भूमिहीन, सीमान्त र साना किसानहरूलाई सङ्गठित गर्दै, सशक्तीकरण, पैरवी र सहकार्यको माध्यमद्वारा स्वावलम्बी, मर्यादित र आत्मसम्मानित जीवन यापन सुनिश्चितताका लागि महासङ्घ प्रतिबद्ध छ ।

- किसानहरूको सेवा/सुविधामा पहुँच एवं विषयगत समितिहरूमा संस्थागत प्रतिनीधित्वको अधिकार प्राप्तिका लागि सदस्य समूह, तहगत संरचनाहरू क्षमतावान, समावेशी, सुशासित भई स्रोतको खोजी, परिचालन गर्दै तहगतरूपमा नेतृत्वदायी भूमिका निर्वाह गर्न महासङ्घ प्रतिबद्ध छ ।

## ८.३ महासङ्घको लक्ष्य

खाद्य तथा पोषण सुरक्षा, अधिकार र सम्प्रभुताका लागि उत्पादक किसानहरूलाई सङ्गठित, क्षमता अभिवृद्धि एवं सशक्तीकरण गर्दै, संस्थागत सुशासन, प्रतिनिधित्व तथा पहिचान र किसानहरूको सम्मानित जीवन यापन सुनिश्चितताका खातिर सहकार्य र समन्वय गरी दिगो कृषिको माध्यमबाट उत्पादकत्व वृद्धिमा टेवा पुऱ्याउने ।

## ८.४ महासङ्घको उद्देश्य

राष्ट्रिय कृषक समूह महासङ्घ नेपालको साधारण उद्देश्यहरू यसप्रकार छन् :

१. नेपालका सम्पूर्ण कृषक समूह सदस्यहरूबीच आपसी सहयोग र सद्भाव वृद्धि गराउँदै अनुभव आदान-प्रदान गराउने र समूह-समूहबीच, समूह र महासङ्घबीच एवं समूह र सरोकारवालाबीच अन्तरसम्बन्ध स्थापना गर्ने ।

२. सबै तहका विभिन्न सरकारी एवं गैरसरकारी सङ्घ/संस्थाहरूसँग समन्वय गर्ने, सञ्जाल बनाउने र कृषक समूहहरूलाई विभिन्न निकाय र सङ्घ/संस्थासँग समन्वय गराउने ।

३. कृषक समूह र आफ्ना साङ्गठनिक एकाइहरू एवं सम्वन्धित तहमा लोकतान्त्रिकीकरण, समावेशीकरण, सुशासन र न्यायोचिततालाई सुनिश्चित गर्नका लागि निरन्तर अभियान सञ्चालन गर्ने ।

४. वातावरणीय न्याय, कृषि विविधता, रैथाने अभ्यास र ज्ञानको संरक्षण प्रवर्द्धन गर्ने ।

५. अवसरबाट वञ्चित समुदायको आर्थिक तथा सामाजिक स्तर उठाउन, स्रोतको समुचित एवं न्यायोचित बाँडफाँट तथा सदुपयोग गर्न प्रेरित एवं सहजीकरण गर्ने ।

६. सरकारी नीति र कानुनमा देखिएका व्यावहारिक त्रुटिहरू सच्याउन नीतिगत समूहसम्म कुरा पुऱ्याउनु तथा नीति, कानुन र कार्यक्रम लागु गर्ने क्रममा अस्पष्टता/अन्योलता तथा अनपेक्षित ढङ्गले बारम्बार भैरहने विवादपूर्ण कार्यमा नेपाल सरकारको ध्यानाकर्षणका लागि कार्यहरू गर्ने ।

७. कृषक समूहको हक हित संरक्षण/सम्वर्द्धनमा सधैँ सचेत रहँदै राष्ट्रिय मेरुदण्डका रूपमा रहेको कृषि क्षेत्रको जगेर्ना गर्न तथा यस महासङ्घको नीति, नियममा अनभिज्ञ समूहमा चेतना अभिवृद्धि गर्ने, नीति नियमवारे अवगत गराउन, सामुदायिकताको भावना जागृत गराउन एवं कृषि क्षेत्रमा गतिशीलता ल्याउन प्रयत्न गर्ने ।

९. कृषि क्षेत्रका विविध आयमूलक क्रियाकलापहरूको प्रदर्शन, अनुसन्धान जस्ता कार्यक्रम सञ्चालन गरी सहयोग तथा प्रोत्साहन दिँदै कृषक समूहहरूको आत्मबल र आत्मविश्वास बढाउन कृषिजन्य एवं गैरकृषि प्रकृतिका आयमूलक तथा स्थानीय रोजगारी अभिवृद्धिका कार्यक्रमहरू सञ्चालनमा टेवा पुऱ्याउने ।

१०. कृषि उत्पादनहरूको विश्वव्यापी बजारीकरणका लागि आवश्यक पर्ने दिगो कृषि एवं प्राङ्गारिक उत्पादनहरूको प्रमाणीकरणको प्रक्रियामा कृषक समूहहरूलाई सहयोग गर्ने र वैकल्पिक एवं नवीकरणीय ऊर्जा प्रवर्द्धनका लागि आवश्यक पर्ने कार्यहरू गर्ने/गराउने ।

११. समुदाय स्तरमा सञ्चालन गरिने आधारभूत सेवा, जस्तै- शिक्षा, स्वास्थ्य, पिउने पानी, सञ्चार, वन आदिसँग सम्बन्धित कार्यक्रमहरू सञ्चालन गर्ने/गराउने ।

१२. लोपोन्मुख प्राकृतिक स्रोतहरू र जैविक विविधताको महत्त्वबारे कृषक समूहहरूमा सचेतना अभिवृद्धि गर्ने र त्यसको व्यवस्थापन र उपयोगसँग सम्बन्धित समुदायको परामपरागत ज्ञान र सिपको संरक्षण, सम्वर्द्धन र सदुपयोग गर्न अभिप्रेरित गर्ने र यसका निम्ति सरोकारवालाका बीचमा सहकार्यका लागि अनुकूल वातावरण सिर्जना गर्ने ।

१३. कृषक समूहको विकास प्रक्रियालाई निरन्तरता दिन तथा सुदृढीकरण गर्न कृषकहरूको चाहना र आवश्यकता अन्य सामुदायिक विकासका क्रियाकलापमा सहयोग पुऱ्याउने ।

१४. जलवायु परिवर्तन र कृषि क्षेत्रमा परेको प्रभावबारे कृषक समूहमा सचेतना वृद्धि एवं अनुकूलनका लागि सरोकारवाला निकायहरूसँग समन्वय गरी कार्यक्रम सञ्चालन गर्ने ।

१५. खाद्य तथा पोषण सुरक्षा र खाद्य अधिकारकाका लागि सरोकारवाला निकायहरूसँग समन्वय गरी कार्यक्रम सञ्चालन एवं पैरवी गर्ने ।

१६. मानवीय सहायताका लागि सरोकारवाला निकायसँग समन्वय गरी सहायतासँग सम्बन्धित गतिविधिहरू सञ्चालन गर्ने । साथै यस्ता कार्यमा समुदाय/तहगत संरचना परिचालन गर्दै तहगत सरकारसँगको सहकार्य र नीतिगत पैरवी गर्ने ।

१७. दिगो एवं किसानमैत्री कृषि विकासका असल अभ्यासहरू प्रवर्द्धन एवं नमुना विकास, विस्तार साथै तहगत सरकारसँगको सहकार्य र नीतिगत पैरवी गर्ने ।

## ८.५ महासङ्घको मूल्य/मान्यता

महासङ्घले FRUITS लाई संस्थागत मूल्य/मान्यताका रूपमा अङ्गीकार गरेको छ :

| | |
|---|---|
| FRIENDLY | कृषक हाम्रो सहकर्मी । |
| RESPECT | कृषक स्वाभिमानी छन्, सम्मान गरौं, आदर गरौं । |
| UNITY | अनेकतामा एकता, समावेशिता सुदृढ गरौं । |
| INTEGRITY | इमानदारिता कायम गरौं, समूहगत कार्य बलियो बनाऔं । |
| TRANSPARENCY | पारदर्शिता अभ्यास गरौं । |
| SUPPORTIVE | पारस्परिक सहयोगी भावना बढाऔं । |

# ९. रणनीतिक लक्ष्य, उद्धेश्यहरू, कार्यगत क्षेत्र र आशातित उपलब्धिहरू

## ९.१ रणनीतिक लक्ष्यहरू

राष्ट्रिय कृषक समूह महासङ्घ नेपालको रणनीतिक लक्ष्यहरू तपसिलबमोजिम छन् :

**रणनीतिक लक्ष्य** १ : खाद्य तथा पोषण सुरक्षा, अधिकार, सम्प्रभुताका लागि सदस्य समूहको भूमि, प्राविधिक सेवा, पुँजी, मूल्य शृङ्खला र बजारमा पहुँच सुनिश्चित गर्ने ।

**रणनीतिक लक्ष्य** २ : जीविकोपार्जन, जलवायु न्याय, उत्थानशील कृषिका नमुना विकास र विस्तार, नवीन सिर्जना, खाद्य तथा पोषण प्रणाली सबलीकरण, आर्थिक सशक्तीकरण, जोखिम न्यूनीकरण र सामना, नीतिगत पैरवी आदिका लागि साझेदार एवं सरोकारवालाहरूसँग संस्थागत सहकार्य सुदृढ गर्ने ।

**रणनीतिक लक्ष्य** ३ : किसान अधिकार स्थापनाका लागि महासङ्घको तहगत सङ्गठन विस्तार, संस्थागत क्षमता विकास र पैरवी नेतृत्व क्षमता अभिवृद्धि गर्दै समृद्ध र सशक्त किसान अभियानको अगुवाइ गर्ने ।

**रणनीतिक लक्ष्य** ४ : उत्पादक किसानहरूलाई सङ्गठित, क्षमता अभिवृद्धि एवं सशक्तीकरण, संस्थागत सुशासन, प्रतिनिधित्व तथा पहिचान र सामाजिक सुरक्षासहितको किसानहरूको सम्मानित जीवन सुनिश्चित गर्दै समन्वय गरी दिगो र पर्यावरण कृषिको माध्यमबाट उत्पादकत्व वृद्धिमा टेवा पुऱ्याउने ।

## ९.२ रणनीतिक लक्ष्य, उद्देश्य, कार्यगत क्षेत्र र आशातित उपलब्धिहरू

९.२.१ **रणनीतिक लक्ष्य** १ : खाद्य तथा पोषण सुरक्षा, अधिकार, सम्प्रभुताका लागि सदस्य समूहको भूमि, प्राविधिक सेवा, पुँजी, मूल्य शृङ्खला र बजारमा पहुँच सुनिश्चित गर्ने ।

रणनीतिक लक्ष्य १ सँग सम्बन्धित उद्देश्यहरू, कार्यगत क्षेत्र र आशातित उपलब्धिहरू निम्नानुसार छन् :

**रणनीतिक उद्देश्य** १.१ : सदस्य समूहको हक अधिकार सुनिश्चितताका लागि ऐन/कानुन, नीति नियमावली, योजना तथा कार्यक्रमहरू निर्माण, परिमार्जन र प्रभावकारी कार्यान्वयन गर्न तथ्यमा आधारित पैरवी गर्ने ।

| **रणनीतिक कार्यगत क्षेत्र** | **समयावधि** | **आशातित उपलब्धि** |
|---|---|---|
| सदस्य समूहमा नीतिगत विश्लेषणका आधारमा प्रशिक्षण तथा सूचना प्रवाह प्रभावकारी बनाउँदै निर्णय तहमा सक्रिय सहभागिता र तथ्यमा आधारित पैरवी गर्ने । | आषाढ २०८२ | सदस्य समूहहरूले आफ्नो पहिचान र आवश्यकताका लागि नीति, कार्यक्रम तथा स्रोतसाधनमा पहुँच दाबी गर्न सक्षम भएको अनुभूत गरेका हुनेछन् । |
| ऐन/कानून, नीति नियमावली, योजना तथा कार्यक्रमहरू प्रभावकारी कार्यान्वयनका लागि नेतृत्व विकास र स्थानीय, प्रादेशिक र सङ्घीय सरकारहरू र प्रमुख सरोकारवालाहरूसँग सहकार्य गर्ने । | आषाढ २०८५ | ऐन/कानुन, नीति नियमावली, योजना तथा कार्यक्रमहरूले सदस्य समूहको पहिचानसहित उनीहरूको आवश्यकतालाई समेटेको तथ्य सदस्य समूहले अनुभूत गरेका हुनेछन् । |

**रणनीतिक उद्देश्य** १.२ : सदस्य समूहको मानवीय, आर्थिक र सामाजिक अवस्थामा सुधार ल्याउनका लागि उत्पादन र उत्पादकत्व वृद्धि गरी व्यावसायिक र वातावरणमैत्री कृषि पद्धति अवलम्बन गर्ने ।

| रणनीतिक कार्यगत क्षेत्र | समयावधि | आशातित उपलब्धि |
|---|---|---|
| सदस्य समूह, भूगोल तथा कृषि पर्यावरणका लागि उपयुक्त ज्ञान, सिप र प्रविधिसम्बन्धी तालिम र कृषि प्रसार सेवाका लागि तालिम केन्द्र र सेवाप्रदायकहरूसँग महासङ्घले तहगतरूपमा समन्वय तथा सहकार्य गर्ने । | कात्तिक २०८२ | सदस्य समूहले उपयुक्त ज्ञान, सिप र प्रविधिमा पहुँच र उत्पादन वृद्धिको अनुभूति गरेका हुनेछन् । |
| सदस्य समूहको तुलनात्मक तथा प्रतिस्पर्धी लाभ प्राप्ति वृद्धि गर्नका लागि मूल्य शृङ्खलाका साझेदारहरूसँग पारस्परिक सहयोग, समन्वय तथा सहकार्य गर्ने । | असार २०८४ | सदस्य समूहले खेती तथा पशुपक्षी पालनमा व्यावसायिकता अपनाइ आर्थिक लाभ वृद्धि भएको अनुभव गरेका हुनेछन् । |
| महासङ्घले बैङ्क र वित्तीय संस्थाहरूसँग सदस्य समूहहरूको लगानीमा पहुँच वृद्धिका लागि समन्वय तथा सहकार्य गर्ने । | कात्तिक २०८१ | सदस्य समूहले कृषि कार्यमा लगानी वृद्धि गर्न सहज भएको र उत्पादन तथा उत्पादकत्व बढाउन सक्षम भएको अनुभव गरेका हुनेछन् । |
| जलवायु परिवर्तनले ल्याएको नकारात्मक प्रभाव न्यूनीकरण र साथसाथै यसले प्रदान गरिरहेको नयाँ अवसरहरूको यथेष्ट उपयोगका लागि अनुसन्धान र उपयुक्त प्रविधि प्रवर्धनमा कार्यरत सरकारी, गैरसरकारी, शिक्षण र निजी संस्थाहरूसँग महासङ्घले समन्वय तथा सहकार्य गर्ने । | कात्तिक २०८१ | सदस्य समूहले वातावरणमैत्री कृषि पद्धति अवलम्बन गरी जोखिमसँग जुध्ने क्षमता विकास र नयाँ अवसरहरूको लाभ प्राप्तिका लागि प्रयासरत हुनेछन् । |

**रणनीतिक उद्देश्य** १.३ : छरिएर रहेका भूमिहीन, सीमान्त र साना, महिला तथा पुरुष कृषकहरूलाई कृषक समूह, पशु सेवा समूह तथा कृषि सहकारीहरूमा आबद्ध गर्दै सङ्गठित गर्ने ।

| **रणनीतिक कार्यगत क्षेत्र** | **समयावधि** | **आशातित उपलब्धि** |
|---|---|---|
| कृषक समूह, पशु सेवा समूह तथा कृषि सहकारीहरूमा सीमान्तकृत, महिला, भूमिहीन, सीमान्त र साना किसानहरूलाई आबद्ध गर्दै सङ्गठित गर्ने । | असार २०८५ | ७५ प्रतिशत (५६४) स्थानीय तहमा रहेका कृषक समूह, पशु सेवा समूह र कृषि सहकारीहरू यस महासङ्घमा आबद्ध भई ७ प्रदेश र ७७ जिल्लामा महासङ्घको तह संरचनाहरू स्थापित भएका हुनेछन् । |
| कृषक समूह, पशु सेवा समूह तथा कृषि सहकारीहरूको संस्थागत तथा नेतृत्व विकास सुदृढ गर्ने । | असार २०८३ | कृषक समूह, पशु सेवा समूह तथा कृषि सहकारीहरू हक अधिकार प्राप्तिका लागि परिचालित भएको हुनेछन् । |

९.२.२ **रणनीतिक लक्ष्य** २ : किसान अधिकार स्थापना, दिगो कृषि नमुना विकास र विस्तार, नवीन सिर्जना, उत्पादनमा आधारित पोषण सुरक्षा, प्रणाली सबलीकरण, मानवीय सहायता, नीतिगत पैरवी आदिका लागि साझेदार एवं सरोकारवालाहरूसँग संस्थागत सहकार्य सुदृढ गर्ने ।

रणनीतिक लक्ष्य २ सँग सम्बन्धित उद्देश्यहरू, कार्यगत क्षेत्र र आशातित उपलब्धिहरू यसप्रकार छन् :

**रणनीतिक उद्देश्य** २.१ : किसान अधिकारमा आधारित, जीविका र जीविकोपार्जनमा सकारात्मक योगदानका लागि महासङ्घको दिगो स्रोत र सहयोगका लागि प्रकृति मिल्दो स्रोत साझेदार तथा दात्री निकायहरूसँग सहकार्य अभिवृद्धि गर्ने ।

| रणनीतिक कार्यगत क्षेत्र | समयावधि | आशातित उपलब्धि |
| --- | --- | --- |
| स्रोत साझेदार सङ्घ/संस्था तथा दात्री निकायहरूसँग साझेदारिता र सहकार्य अभिवृद्धि गर्ने । | नियमित | महासङ्घले सहयोग र स्रोतहरू विविधीकरण गरेको हुनेछ । |
| सीमान्तकृत, भूमिहीन, महिला, सीमान्त र साना किसानहरूको हक अधिकारमा आधारित परियोजना निर्माण, प्रस्तावना तयारी र कार्यान्वयनका लागि कोष सङ्कलन गर्ने । | नियमित | महासङ्घले कार्यक्रम र आर्थिक सहयोग वृद्धि गरेको हुनेछ । |
| किसान अधिकार स्थापना, दिगो कृषि नमुना विकास र विस्तार, नवीन सिर्जना, उत्पादनमा आधारित पोषण सुरक्षा, जैविक विविधता, सरकारको प्रणाली सबलीकरण, मानवीय सहायता, नीतिगत पैरवीका लागि स्रोत साझेदारीमार्फत सदस्य समूहहरूको जीवनमा सकारात्मक परिवर्तनमा टेवा पुऱ्याउने । | नियमित | सीमान्तकृत, भूमिहीन, महिला, सीमान्त र साना किसानको जीवन यापनमा सकारात्मक सहयोग पुगेको हुनेछ । |

**रणनीतिक उद्देश्य** २.२ : महासङ्घको आन्तरिक स्रोत/साधन वृद्धि, परिचालन र व्यवस्थापन गर्ने ।

| रणनीतिक कार्यगत क्षेत्र | समयावधि | आशातित उपलब्धि |
| --- | --- | --- |
| महासङ्घको आन्तरिक स्रोत नियमितरूपमा पहिचान, वृद्धि र व्यवस्थापन गर्ने । | असार २०८५ | महासङ्घले सदस्यता विस्तार र सदस्यता नवीकरण सुचारु राखी 'रु. १ प्रतिकृषक सदस्य अभियान' र 'इच्छादान' लाई निरन्तरता प्रदान गर्दै यो रणनीतिक योजनाको अवधिमा आन्तरिक कोष वृद्धि गरी २० लाख रुपियाँको बनाएर परिचालन गरेको हुनेछ । |

| | | |
|---|---|---|
| सार्वजनिक जग्गा खोजी गरी स्थानीय पालिका, स्थानीय महासङ्घ र कृषक समूह, पशु सेवा समूह तथा कृषि सहकारीहरूको सहकार्यमा ताल/तलैया सदुपयोग, कृषि वन र वृक्षरोपणका प्लटहरू स्थापना गर्ने र सोबाट प्राप्त आम्दानीको केही अंशबाट महासङ्घको किसान अभियान कोष निर्माण गर्ने । | पुस २०८४ | स्थानीय महासङ्घहरूले कबुलियती सम्झौतामा आधारित सार्वजनिक जग्गा, ताल/तलैयाहरूको सदुपयोगबाट प्राप्त रकमबाट स्थानीय महासङ्घको किसान अभियान कोष निर्माण भएको हुनेछ । |

९.२.३ **रणनीतिक लक्ष्य** ३ : महासङ्घको तहगत सङ्गठन विस्तार, संस्थागत क्षमता विकास र पैरवी नेतृत्व क्षमता अभिवृद्धि गर्न निरन्तरता प्रदान गर्ने ।

रणनीतिक लक्ष्य ३ सँग सम्बन्धित उद्देश्यहरू, कार्यगत क्षेत्र र आशातित उपलब्धि निम्नानुसार छन् :

**रणनीतिक उद्देश्य** ३.१ : महासङ्घको संस्थागत नीति, नियम र निर्देशिकाको कार्यान्वयन सुनिश्चित गर्ने ।

| **रणनीतिक कार्यगत क्षेत्र** | **समयावधि** | **आशातित उपलब्धि** |
|---|---|---|
| महासङ्घको संस्थागत नीति, नियम र निर्देशिका निर्माण तथा अद्यावधिक गर्ने । | नियमित | महासङ्घको सम्पूर्ण संरचना र सदस्य समूह तथा सहकारीहरूमा आबद्ध कृषक तथा नेतृत्व गणमा बहस गरी संस्थागत नीति, नियम र निर्देशिकाहरूमा निरन्तर पृष्ठपोषण र तिनीहरूको निर्माण तथा अद्यावधिक गर्ने कार्यमा बृहत्तर सहभागिता अभ्यास गरिरहेको हुनेछ । |

| | | |
|---|---|---|
| महासङ्घले नियमितरूपमा संस्थागत नीति, नियम र निर्देशिका सम्बन्धमा अभिमुखी कार्यक्रमहरू सञ्चालन गरी तिनीहरूको प्रभावकारी कार्यान्वयन गर्ने । | | महासङ्घको सम्पूर्ण संरचना र सदस्य समूह र सहकारीहरूमा आबद्ध कृषक तथा नेतृत्व गणहरूले संस्थागत नीति, नियम र निर्देशिकाहरू अवलम्बन गरी अभ्यास गरिरहेका हुनेछन् । |

**रणनीतिक उद्देश्य** ३.२ : कृषकहरूको गैरराजनीतिक छाता सङ्गठनका रूपमा विभिन्न तहमा प्रतिनीधित्व सुदृढ गरी कृषि क्षेत्रमा कार्यरत विषयगत सङ्घ/संस्थाहरूसँग सहकार्य एवं सञ्जालीकरण गर्ने ।

| **रणनीतिक कार्यगत क्षेत्र** | **समयावधि** | **आशातित उपलब्धि** |
|---|---|---|
| सदस्य समूहहरूको सवाल पहिचान, पैरवी र नेतृत्व क्षमता अभिवृद्धि गर्दै सेवाप्रदायक निकायहरूबाट सेवा तथा स्रोत/साधनमा पहुँच वृद्धि गर्ने । | असार २०८३ | वडा, पालिका, जिल्ला, प्रादेशिक र सङ्घीय स्तरहरूमा महासङ्घका संरचनाहरू, नेतृत्व व्यवस्थापन र प्रतिनिधित्व सुदृढ भएको हुनेछ । |
| तहगत संरचनाहरूका सम्बन्धित समितिहरूमा महासङ्घको व्यवस्थित संस्थागत प्रतिनिधित्व सुनिश्चित गर्ने । | असार २०८४ | वडा, पालिका, जिल्ला, प्रादेशिक र सङ्घीय तहहरूका सम्बन्धित समितिहरूमा महासङ्घको व्यवस्थित संस्थागत प्रतिनिधित्व सुनिश्चित भएको हुनेछ । |
| महासङ्घले समान उद्देश्य, सवाल तथा प्रकृति मिल्ने संस्था, सञ्जाल र सङ्घहरूसँग समन्वय र सहकार्य अभिवृद्धि गर्ने । | नियमित | महासङ्घले रणनीतिक तथा सवालगत साझेदारिता सुदृढ गरी सीमान्तकृत, महिला, भूमिहीन, सीमान्त र साना किसानहरूको प्रतिनिधित्व विभिन्न तहमा सबल बनाएको हुनेछ । |

## १०. विषयगत क्षेत्र, क्रियाकलाप, सूचकहरू तथा अनुमानित बजेट

| | |
|---|---|
| **रणनीतिक लक्ष्य** १ : खाद्य तथा पोषण सुरक्षा, अधिकार, सम्प्रभुताका लागि सदस्य समूहको भूमि, प्राविधिक सेवा, पुँजी, मूल्य शृङ्खला र बजारमा पहुँच सुनिश्चित गर्ने । | |
| **रणनीतिक उद्देश्य** १.१ : सदस्य समूहको हक अधिकार सुनिश्चितताका लागि ऐन/कानुन, नीति नियमावली, योजना तथा कार्यक्रमहरू निर्माण, परिमार्जन र प्रभावकारी कार्यान्वयन गर्न तथ्यमा आधारित पैरवी गर्ने । | |
| सदस्य समूहमा नीतिगत विश्लेषणका आधारमा प्रशिक्षण तथा सूचना प्रवाह प्रभावकारी बनाउँदै निर्णय तहमा सक्रिय सहभागिता र तथ्यमा आधारित पैरवी गर्ने । | ५९५०००० |
| ऐन/कानुन, नीति नियमावली, योजना तथा कार्यक्रमहरू प्रभावकारी कार्यान्वयनका लागि नेतृत्व विकास र स्थानीय, प्रादेशिक र सङ्घीय सरकारहरू र प्रमुख सरोकारवालाहरूसँग सहकार्य गर्ने । | २१५००००० |
| जम्मा | २७४५०००० |
| **रणनीतिक उद्देश्य** १.२ : सदस्य समूहको मानवीय, आर्थिक र सामाजिक अवस्थामा सुधार ल्याउनका लागि उत्पादन र उत्पादकत्व वृद्धि गरी व्यावसायिक र वातावरणमैत्री कृषि पद्धति अवलम्बन गर्ने । | |
| सदस्य समूह, भूगोल तथा कृषि पर्यावरणका लागि उपयुक्त ज्ञान, सिप र प्रविधिसम्बन्धी तालिम र कृषि प्रसार सेवाका लागि तालिम केन्द्र र सेवाप्रदायकहरूसँग महासङ्घले तहगतरूपमा समन्वय तथा सहकार्य गर्ने । | ३९६०००० |

| | |
|---|---|
| सदस्य समूहको तुलनात्मक तथा प्रतिस्पर्धी लाभ प्राप्ति वृद्धि गर्नका लागि मूल्य शृङ्खलाका साझेदारहरूसँग पारस्परिक सहयोग, समन्वय तथा सहकार्य गर्ने । | १०४६०००० |
| महासङ्घले बैङ्क र वित्तीय संस्थाहरूसँग सदस्य समूहहरूको लगानीमा पहुँच वृद्धिका लागि समन्वय तथा सहकार्य गर्ने । | २९५०००० |
| जलवायु परिवर्तनले ल्याएको नकारात्मक प्रभाव न्यूनीकरणका साथसाथै यसले प्रदान गरिरहेको नयाँ अवसरहरूको यथेष्ट उपयोगका लागि अनुसन्धान र उपयुक्त प्रविधि प्रवर्धनमा कार्यरत सरकारी, गैरसरकारी, शिक्षण र निजी संस्थाहरूसँग महासङ्घले समन्वय तथा सहकार्य गर्ने । | ४६५००००० |
| **जम्मा** | **६३८७००००** |
| **रणनीतिक उद्देश्य** १.३ : छरिएर रहेका भूमिहीन, सीमान्त र साना, महिला तथा पुरुष कृषकहरूलाई कृषक समूह, पशु सेवा समूह तथा कृषि सहकारीहरूमा आबद्ध गर्दै सङ्गठित गर्ने । | |
| कृषक समूह, पशु सेवा समूह तथा कृषि सहकारीहरूमा सीमान्तकृत, महिला, भूमिहीन, सीमान्त र साना किसानहरूलाई आबद्ध गर्दै सङ्गठित गर्ने । | १०४६०००० |
| कृषक समूह, पशु सेवा समूह तथा कृषि सहकारीहरूको संस्थागत तथा नेतृत्व विकास सुदृढ गर्ने । | ७५०००००० |
| **जम्मा** | **१७९६००००** |
| **रणनीतिक लक्ष्य** २ : किसान अधिकारको स्थापना, दिगो कृषि नमुना विकास र विस्तार, नवीन सिर्जना, उत्पादनमा आधारित पोषण सुरक्षा, प्रणाली सबलीकरण, मानवीय सहायता, नीतिगत पैरवी आदिका लागि साझेदार एवं सरोकारवालाहरूसँग संस्थागत सहकार्य सुदृढ गर्ने । | |

| | |
|---|---|
| **उद्देश्य** २.१ : किसान अधिकारमा आधारित, जीविका र जीविकोपार्जनमा सकारात्मक योगदानका लागि महासङ्घको दिगो स्रोत र सहयोगका लागि प्रकृति मिल्दो स्रोत साझेदार तथा दात्री निकायहरूसँग सहकार्य अभिवृद्धि गर्ने । | ५५६९००० |
| स्रोत साझेदार सङ्घ/संस्था तथा दातृ निकायहरूसँग साझेदारिता र सहकार्य अभिवृद्धि गर्ने । | ४५००००० |
| सीमान्तकृत, भूमिहीन, महिला, सीमान्त र साना किसानहरूको हक अधिकारमा आधारित परियोजना निर्माण, प्रस्तावना तयारी र कार्यान्वयनका लागि कोष सङ्कलन गर्ने । | ५०००००० |
| किसान अधिकारको स्थापना, दिगो कृषि नमुना विकास र विस्तार, नवीन सिर्जना, उत्पादनमा आधारित पोषण सुरक्षा, जैविक विविधता, सरकारको प्रणाली सबलीकरण, मानवीय सहायता, नीतिगत पैरवीका लागि स्रोत साझेदारीमार्फत सदस्य समूहहरूको जीवनमा सकारात्मक परिवर्तनमा टेवा पुऱ्याउने । | ६५०००००० |
| **जम्मा** | **८००६९०००** |
| **रणनीतिक उद्देश्य** २.२ : महासङ्घको आन्तरिक स्रोत/साधनको वृद्धि, परिचालन र व्यवस्थापन गर्ने । | |
| महासङ्घको आन्तरिक स्रोत नियमितरूपमा पहिचान, वृद्धि र व्यवस्थापन गर्ने । | २०००००० |
| सार्वजनिक जग्गाहरू खोजी गरी स्थानीय पालिका, स्थानीय महासङ्घ र कृषक समूह, पशु सेवा समूह तथा कृषि सहकारीहरूको सहकार्यमा ताल/तलैया सदुपयोग, कृषि वन र वृक्षरोपणका प्लटहरू स्थापना गर्ने र सोबाट प्राप्त आम्दानीको केही अंशबाट महासङ्घको किसान अभियान कोष निर्माण गर्ने । | ११२००००० |
| **जम्मा** | **१३२०००००** |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| **रणनीतिक लक्ष्य** ३ : महासङ्घको तहगत सङ्गठन विस्तार, संस्थागत क्षमता विकास र पैरवी नेतृत्व क्षमता अभिवृद्धि गर्न निरन्तरता प्रदान गर्ने । | | | | | | | | | | |
| **रणनीतिक उद्देश्य** ३.१ : महासङ्घको संस्थागत नीति, नियम र निर्देशिकाको कार्यान्वयन सुनिश्चित गर्ने । | | | | | | | | | | ३१००००० |
| महासङ्घको संस्थागत नीति, नियम र निर्देशिका निर्माण तथा अद्यावधिक गर्ने । | | | | | | | | | | १०००००० |
| महासङ्घले नियमितरूपमा संस्थागत नीति, नियम र निर्देशिका सम्बन्धमा अभिमुखीकरण कार्यक्रमहरू सञ्चालन गरी तिनीहरूको प्रभावकारी कार्यान्वयन गर्ने । | | | | | | | | | | ५०००००० |
| जम्मा | | | | | | | | | | ९१००००० |
| **रणनीतिक उद्देश्य** ३.२ : कृषकहरूको गैरराजनीतिक छाता सङ्गठनका रूपमा विभिन्न तहमा प्रतिनीधित्व सुदृढ गरी कृषिक्षेत्रमा कार्यरत विषयगत सङ्घ/संस्थाहरूसँग सहकार्य एवं सञ्जालीकरण गर्ने । | | | | | | | | | | |
| सदस्य समूहहरूको सवाल पहिचान, पैरवी र नेतृत्व क्षमता अभिवृद्धि गर्दै सेवाप्रदायक निकायहरूबाट सेवा तथा स्रोत/साधनमा पहुँच वृद्धि गर्ने । | | | | | | | | | | २१०००००० |
| तहगत संरचनाहरूका सम्बन्धित समितिहरूमा महासङ्घको व्यवस्थित संस्थागत प्रतिनिधित्व सुनिश्चित गर्ने । | | | | | | | | | | ७५००००० |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| महासङ्घले समान उद्देश्य, सवाल तथा प्रकृति मिल्ने संस्था, सञ्जाल र सङ्घहरूसँग समन्वय र सहकार्य अभिवृद्धि गर्ने । | | | | | | | | | | ५०००००० |
| **जम्मा** | | | | | | | | | | **३३५००००००** |
| **कुल जम्मा** | | | | | | | | | | **२४५१४९०००** |
| नोट - अनुमानित स्रोतका लागि स्रोत साझेदारसँगको समन्वय, नयाँ प्रस्ताव तयारी, सदस्य संस्थाबाट इच्छादान, तहगत सरकारहरू र अन्य संस्थासँग सहकार्य गरिनेछ । वार्षिक योजनाका गतिविधि र बजेट यसैका आधारमा विकास गरिनेछ । | | | | | | | | | | |

# ११. अनुसूची

## १०.१ Logframe of Strategic Plan

**महासङ्घको लक्ष्य**

सदस्य समूहहरू एवं तहगत संरचनाहरू, समानुपातिक, समावेशी, सुशासितरूपमा परिचालन गरी तहगत सरकारहरू र प्रमुख सरोकारवालाहरूसँग नीतिगत तथा कार्यगत तहमा सहकार्य गरी सेवा, सहयोग र स्रोत/साधनहरूको समुचित परिचालन गर्दै प्रतिस्पर्धी बन्न महासङ्घले नेतृत्वदायी भूमिका निर्वाह गर्ने ।

**महासङ्घको उद्देश्य**

राष्ट्रिय कृषक समूह महासङ्घ नेपालको साधारण उद्देश्य यसप्रकार छन् :

१. नेपालका सम्पूर्ण कृषक समूह सदस्यहरूबीच आपसी सहयोग र सद्भाव वृद्धि गराउँदै अनुभव आदान-प्रदान गराउने र समूह-समूहबीच, समूह र महासङ्घबीच एवं समूह र सरोकारवालाबीच अन्तरसम्वन्ध स्थापना गर्ने ।

२. सबै तहका विभिन्न सरकारी एवं गैरसरकारी सङ्घ/संस्थाहरूसँग समन्वय गर्ने, सञ्जाल बनाउने र कृषक समूहहरूलाई विभिन्न निकाय र सङ्घ/संस्थाहरूसँग समन्वय गराउने ।

३. कृषक समूह र आफ्ना साङ्गठनिक एकाइहरू एवं सम्बन्धित तहमा लोकतान्त्रिकीकरण, समावेशीकरण, सुशासन र न्यायोचिततालाई सुनिश्चित गर्नका लागि निरन्तर अभियान सञ्चालन गर्ने ।

४. वातावरणीय न्याय, कृषि विविधता, रैथाने अभ्यास र ज्ञानको संरक्षण/प्रवर्द्धन गर्ने ।

५. अवसरबाट वञ्चित समुदायको आर्थिक तथा सामाजिक स्तर उठाउन, स्रोतको समुचित एवं न्यायोचित बाँडफाँट तथा सदुपयोग गर्न प्रेरित एवं सहजीकरण गर्ने ।

६. सरकारी नीति र कानुनमा देखिएका व्यावहारिक त्रुटिहरू सच्याउन नीतिगत समूहसम्म कुरा पुऱ्याउनु तथा नीति, कानून र कार्यक्रम लागु गर्ने क्रममा रहेका अस्पष्टता/अन्योल तथा अनपेक्षित ढङ्गले बारम्बार भैरहने विवादपूर्ण कार्यमा नेपाल सरकारको ध्यानाकर्षणका लागि कार्य गर्ने ।

७. कृषक समूहको हकहित संरक्षण/सम्वर्द्धनमा सधैँ सचेत रहँदै राष्ट्रिय मेरुदण्डका रूपमा रहेको कृषि क्षेत्रको जगेर्ना गर्न तथा यस महासङ्घको नीति/नियममा अनभिज्ञ समूहमा चेतना अभिवृद्धि गर्ने, नीति/नियम अवगत गराउन, सामुदायिकताको भावना जागृत गराउन एवं कृषि क्षेत्रमा गतिशीलता ल्याउन प्रयत्न गर्ने ।

८. कृषि क्षेत्रका विविध आयमूलक क्रियाकलापहरूको प्रदर्शन, अनुसन्धान जस्ता कार्यक्रम सञ्चालन गरी सहयोग तथा प्रोत्साहन दिँदै कृषक समूहहरूको आत्मबल र आत्मविश्वास बढाउन कृषिजन्य एवं गैरकृषि प्रकृतिका आयमूलक तथा स्थानीय रोजगारी अभिवृद्धिका कार्यक्रमहरू सञ्चालनमा टेवा पुऱ्याउने ।

१०. कृषि उत्पादनहरूको विश्वव्यापी बजारिकरणका लागि आवश्यक पर्ने दिगो कृषि एवं प्राङ्गारिक उत्पादनहरूको प्रमाणीकरण प्रक्रियामा कृषक समूहहरूलाई सहयोग गर्ने र वैकल्पिक एवं नवीकरणीय ऊर्जा प्रवर्द्धनका लागि आवश्यक पर्ने कार्यहरू गर्ने/गराउने ।

११. समुदाय स्तरमा सञ्चालन गरिने आधारभूत सेवा, जस्तै- शिक्षा, स्वास्थ्य, पिउने पानी, सञ्चार, वन आदिसँग सम्बन्धित कार्यक्रमहरू सञ्चालन गर्ने/गराउने ।

१२. लोपोन्मुख प्राकृतिक स्रोतहरू र जैविक विविधताको महत्त्वबारे कृषक समुहहरूमा सचेतना अभिवृद्धि गर्ने र त्यसको व्यवस्थापन र उपयोगसँग सम्बन्धित समुदायको पराम्परागत ज्ञान र सिपको संरक्षण, सम्वर्द्धन र सदुपयोग गर्न अभिप्रेरित गर्ने

र यसका निम्ति सरोकारवालाका बीचमा सहकार्यका लागि अनुकूल वातावरण सिर्जना गर्ने ।

१३. कृषक समूहको विकास प्रक्रियालाई निरन्तरता दिन तथा सुदृढीकरण गर्न कृषकहरूको चाहना र आवश्यकताका अन्य सामुदायिक विकासका क्रियाकलापमा सहयोग पुऱ्याउने ।

१४. जलवायु परिवर्तन र कृषि क्षेत्रमा परेको प्रभावबारे कृषक समूहमा सचेतना वृद्धि एवं अनुकूलनका लागि सरोकारवाला निकायहरूसँग समन्वय गरी कार्यक्रम सञ्चालन गर्ने ।

१५. खाद्य तथा पोषण सुरक्षा र खाद्य अधिकारका लागि सरोकारवाला निकायहरूसँग समन्वय गरी कार्यक्रम सञ्चालन एवं पैरवी गर्ने ।

१६. मानवीय सहायताका लागि सरोकारवाला निकायसँग समन्वय गरी सहायतासँग सम्बन्धित गतिविधिहरू सञ्चालन गर्ने । सँगै यस्ता कार्यमा समुदाय/तहगत संरचना परिचालनका साथै तहगत सरकारसँगको सहकार्य र नीतिगत पैरवी गर्ने ।

१७. दिगो एवं किसानमैत्री कृषि विकासका असल अभ्यासहरू प्रवर्द्धन एवं नमुना विकास, विस्तारका साथै तहगत सरकारसँग सहकार्य र नीतिगत पैरवी गर्ने ।

## १०.२ रणनीतिक लक्ष्यहरू, रणनीतिक उद्देश्यहरू र कार्य सम्पादनका आधारहरू

| रणनीतिक लक्ष्यहरू | रणनीतिक उद्देश्यहरू | कार्य सम्पादनका आधारहरू |
|---|---|---|
| १. भूमि, प्राविधिक सेवा, पुँजी र बजारमा सदस्य समूहको पहुँच सुनिश्चित गर्ने । | १.१ सदस्य समूहको हक अधिकार सुनिश्चतताका लागि ऐन/कानुन, नीति नियमावली, योजना तथा कार्यक्रमहरू निर्माण, परिमार्जन र प्रभावकारी कार्यान्वयन गर्न तथ्यमा आधारित पैरवी गर्ने । | सदस्य समूहले आफ्नो पहिचान र आवश्यकताका लागि नीति, कार्यक्रम तथा स्रोत/साधनमा पहुँचको दावी गर्न सक्षमता । ऐन, नीति, योजना तथा कार्यक्रमहरूले सदस्य समूहको पहिचान र आवश्यकतालाई समेटेको तथ्यको अनुभूति । |
| | १.२ सदस्य समूहको मानवीय, आर्थिक र सामाजिक अवस्थामा सुधार ल्याउनका लागि उत्पादन र उत्पादकत्व वृद्धि गरी व्यावसायिक र वातावरणमैत्री कृषि पद्धति अवलम्बन गर्ने । सदस्य समूहले उपयुक्त ज्ञान, सिप र प्रविधिमा पहुँच र उत्पादन वृद्धिको अनुभूति । | सदस्य समूहले खेती तथा पशुपक्षी पालनमा व्यावसायिकता अपनाइ आर्थिक लाभ वृद्धि भएको अनुभव ।<br><br>सदस्य समूहले कृषि कार्यमा लगानी वृद्धि गर्न सहज भएको र उत्पादन तथा उत्पादकत्व बढाउन सक्षम भएको अनुभव ।<br><br>सदस्य समूहले वातावरणमैत्री कृषि पद्धति अवलम्बन गरी जोखिमसँग जुध्ने क्षमता विकास र नयाँ अवसरहरूको लाभ प्राप्ति । |
| | १.३ छरिएर रहेका भूमिहीन, सीमान्त र साना, महिला तथा पुरुष कृषकहरूलाई कृषक समूह, पशु सेवा समूह तथा कृषि सहकारीहरूमा आबद्ध गर्दै सङ्गठित गर्ने । | ७५ प्रतिशत (५७६) स्थानीय तह, ७ प्रदेश र ७७ जिल्लामा महासङ्घको तह संरचना स्थापना ।<br><br>कृषक समूह, पशु सेवा समूह तथा कृषि सहकारीहरू परिचालन । |

| | | |
|---|---|---|
| २. साझेदारहरूसँग संस्थागत सहकार्य सुदृढ गर्ने । | २.१ महासङ्घको दिगो स्रोत र सहयोगका लागि प्रकृति मिल्दो स्रोत साझेदार तथा दात्री निकायहरूसँग सहकार्य अभिवृद्धि गर्ने । | महासङ्घको सहयोग प्राप्ति र आय स्रोतहरूको विविधीकरण ।<br><br>महासङ्घको कार्यक्रम र आर्थिक सहयोगमा वृद्धि ।<br><br>सीमान्तकृत, भूमिहीन, महिला, सीमान्त र साना किसानको जीवन यापनमा सकारात्मक सहयोग । |
| | २.२ महासङ्घको आन्तरिक स्रोत/साधनको वृद्धि, परिचालन र व्यवस्थापन गर्ने । | महासङ्घको सदस्यता विस्तार र सदस्यता नवीकरण मा नियमितता ।<br><br>आन्तरिक कोष वृद्धि । |
| ३. महासङ्घको संस्थागत विकास र नेतृत्व क्षमता अभिवृद्धि गर्न निरन्तरता प्रदान गर्ने । | ३.१ महासङ्घको संस्थागत नीति, नियम र निर्देशिकाको कार्यान्वयन सुनिश्चित गर्ने । | संस्थागत नीति, नियम र निर्देशिकाहरूमा निरन्तर पृष्ठपोषण, निर्माण तथा अद्यावधिक गर्ने कार्यमा बृहत्तर सहभागिता अभ्यास ।<br><br>संस्थागत नीति, नियम र निर्देशिकाहरू अवलम्बन गर्ने अभ्यास । |
| | ३.२ कृषकहरूको गैरराजनीतिक छाता सङ्गठनका रूपमा विभिन्न तहमा प्रतिनिधित्व सुदृढ गरी कृषिक्षेत्रमा कार्यरत विषयगत सङ्घ/संस्थाहरूसँग सहकार्य एवं सञ्जालीकरण गर्ने । | वडा, पालिका, जिल्ला, प्रादेशिक र सङ्घीय स्तरहरूमा महासङ्घका संरचनाहरू, नेतृत्व व्यवस्थापन र प्रतिनिधित्वको सबलता । सरकारको तहगत समितिहरूमा महासङ्घको व्यवस्थित संस्थागत प्रतिनिधित्वको सुनिश्चितता ।<br><br>सीमान्तकृत, महिला, भूमिहीन, सीमान्त र साना किसानहरूको बिभिन्न तहमा प्रतिनिधित्वको सवलता । |



# राष्ट्रिय कृषक समूह महासङ्घ नेपाल

## राष्ट्रिय सचिवालय


इमेल : nfgfnepal@gmail.com, वेबसाइट : nfgf.org.np

सम्पर्क नं. : ०१-४१०५०१८, ०१-४१०५०७९



जिल्ला प्रशासन कार्यालय काठमाडौँ, दर्ता नं. : ९७९/२०६८–१२–१४

समाज कल्याण परिषद्, आबद्धता नं. : ३७४५३/२०७०–३–१८

स्थायी लेखा नं. : ६०११८०२८८ / २०७०–३–०७, आयकर छूट प्रमाणपत्र : २०७१–२–२६